# झुलेनी पोष्ट

www.jhulenipost.com

साप्ताहिक

वर्ष ८, अंक १८, २०७८ कार्तिक ३० मंगलवार (Jhuleni Post Weekly) 16 Nov. 2021 पृष्ठ ८, मुल्य रु. २०



झुलेनी पोष्ट साप्ताहिक

विज्ञापन प्रकाशनका लागि सम्पर्क

०८६-५९०४३६

कार्यालय : प्यूठान न.पा.-४, विजुवार

Email : jhulenipyuthan@gmail.com


## गौमुखीमा देउसी भैलोको रौनक

## मौलिक संस्कृती संरक्षणका लागि भैलो प्रतियोगिता



गौमुखी ५ खुङमा आयोजित मौलिक संस्कृती झल्काउने भैलो प्रतियोगिता : तस्विर : झुलेनी नेटवर्क

**एलबी थापा**

**झुलेनी पोष्ट**

तिहारको सुरुवातसँगै देउसी भैलोको रौनक सुरु हुन्छ। यो बेला शहरदेखि गाउँसम्म विभिन्न समूह देउसी भैलोमा झुमिरहेका हुन्छन् । बालबालिकादेखि युवायुवती र बृद्धबृद्धाहरुलाई समेत देउसी भैलोले छोएको हुन्छ। यहाँ देउसी भैलोमा प्रस्तुत गरिने लोपोन्मुख परम्परागत संस्कृतिले सर्वसाधारण आकर्षित हुन्छन् । देउसी भैलोमा परम्परागत रुपमा नाचिने थाली नाच, मादले मारुनी, सालैजो, सिरफुले लगायत पुर्ख्यौली नृत्य देखाइन्छ। परम्परागत रुपमा रहेका विभिन्न जातजातिका लोपोन्मुख संस्कृतिहरुलाई समेत देउसी भैलोमा देखाउने प्रचलन छ। गाउँघरमा मौलिक रुपमा देखाइने भैलो संरक्षणका लागि गौमुखी गाउँपालिकामा प्रतियोगिता आयोजना गरीएको छ । 'कला संस्कृतिको जगेर्नाका लागि देउसी भैलो प्रतियोगिता गरीएको हो' गौमुखी युवा अभियानका संयोजक बसन्तलाल पुरीले भने, 'यसरी देखाइने पुराना संस्कृति नयाँ पुस्ताले सिक्ने मौका पाउँछन् ।' गाउँघरमा रहेका बिभिन्न जनजाति र समुदायले खेल्ने देउसी भैलोमा आफ्ना मौलिक संस्कृति समेट्ने भएकाले प्रतियोगिता गरीएको उनले बताए । प्रतियोगितामा ६ समुहले भाग लिएका थिए। गौमुखी गाउँपालिका वडा

बाँकी ८ पेजमा.....

## मौलिक संस्कृति लोप हुँदै

*धार्मिक ग्रन्थ अनुसार भगवान् विष्णुबाट यमपञ्चकको पाँच दिन स्वर्ग, मर्त्य र पाताल तीनै लोकको शासन गर्ने बरदान पाएका बलिराजाले 'भलो होस' भनी घरघरमा गाउन लगाएको सम्झनामा देउसी भैलो खेल्ने चलनको सुरुवात भएको विश्वास गरिन्छ । तिहारका अवसरमा खेलिने परम्परागत देउसी भैलो पछिल्लो समय लोप हुँदै गएको छ। युवा युवतीहरु खेल्ने देउसी भैलोमा मौलिकपन हराउँदै जाँदा यसको मर्म नै मेटिन थालेको हो । यिनीहरुले देउसी भैलो खेल्ने गरेपनि ड्रम बजाएर नाच्ने गर्दछन् । पछिल्लो समय रेकर्ड भएका गीतहरुमा नाँच्ने त झनै प्रचलन जस्तै बनेको छ। युवा पुस्ताहरु नै यस्तो गर्दा बुढा पाका पुस्ताहरु मौलिकता हराउँदै गएकोमा चिन्ता ब्यक्त गर्दछन् ।*

बाँकी ८ पेजमा.....

## जीवनको रङ्ग

## प्रहरीको जागीर छोडेर बाख्रापालन

**एलबी थापा**

**झुलेनी पोष्ट**

यहाँका युवाले प्रहरीको जागीर छोडेर गाउँमै बाख्रापालन व्यवसाय सुरु गरेका छन्। गौमुखी गाउँपालिका ५, खुङ निवासी रबिन्द्र मल्लले नेपाल प्रहरीको जागीर छोडेर गाउँमै व्यवसाय सुरु गरेका हुन् । प्रहरीमा ५ वर्ष जागीर गरेका उबले पछिल्लो ३ वर्षदेखि बाख्रापालन गरीरहेका छन् । 'सुरुमा १५ वटा बाख्रा खरीद गरी व्यवसाय सुरु गरेको हुँ', उनले भने, 'अहिले फर्ममा ३२ वटा बाख्रा छन् ।' मल्लका अनुसार गतवर्ष ८० वटा सम्म बाख्रा पुगेका थिए।

फर्म स्थापना गर्दा करिव ६ लाख रुपैयाँ लगानी गरेका मल्लले अहिले २ लाख ७५ हजार मा उदयपुरबाट एउटा १०० प्रसेन्ट बोयर बोका समेत खरिद गरेका छन्। टाढाबाट बोका ल्याउँदा ४० हजार रुपैयाँ गाडी भाडा लागेको बताए। बाख्रा





गौमुखी गाउँपालिका ५ खुङमा रबिन्द्र मल्लको बाखापालन फर्म

फर्म सञ्चालनका लागि उनले १ सय ९ दिन लगाएर आफैले खोर निर्माण गरेको बताए। फर्ममा मल्लसँगै श्रीमतीको पनि सहयोग गर्दै आएकी छिन्। 'सुरुमा स्थायी जागीर छोडेर के कृषि गर्न लागेको भन्ने लाग्थ्यो', श्रीमती दुर्गाले भनिन्, 'अहिले यो व्यवसायबाट सन्तुष्ट छौं।' उनका अनुसार श्रीमान श्रीमती दुवैले बाख्रा चराउने, घाँस काट्ने, दानापानी दिने सबै आफै गर्दै आएका छन्। फर्मबाट मासिक सरदर ५०/६० हजार कारोवार हुदै आएकोमा वार्षिक ६ लाख भन्दा बढी कारोवार घटाएर आम्दानी हुने गरेको छ। पैसा कमाउनका लागि कैयौं युवाहरु विदेसिने चलन रहेकोमा उनले नेपालमै सरकारी जागिर छोडेर गाउँमै व्यवसाय थाल्नुले सकरात्मक सन्देश दिएको छ। व्यवस्याय सञ्चालनका लागि मल्लले जय मा दुर्गा श्री कृषी तथा पशुपंक्षी पालन फर्म स्थापना गरेका छन्। फर्मबाट नियमित रुपमा खसी,

बाँकी ३ पेजमा.....

## हाम्रो नजर

## बाग्दुलाको बाटो मर्मत भयो



प्यूठान न.पा. ८ बाग्दुला स्थित जनता मा.वि. जाने सडक मर्मत हुँदै

*प्यूठान नगरपालिका ८ स्थित कक्षपति ट्रेडर्स देखि जनता माध्यामिक विद्यालय जाने सडक जहिल्यै हिलाम्य थियो । गुदगुदे हिलोले सडक छोपेको विषय सम्बन्धी झुलेनी पोष्ट साप्ताहिक वर्ष ८ अंक १४ कार्तिक २ गते बाटो हो कि कुलो ? चिन्नै गाह्रो शिर्षकमा हाम्रो नजरमा प्रकाशित गरीएको थियो । समाचार प्रकाशन पछि प्यूठान नगरपालिकाले यस सडकमा २० ट्रिप ढुङ्गा, गिट्टि तथा बालुवा राखेको छ । नगरपालिकाको जेसिभि लगाएर यहाँ सम्माइएको छ। यहाँ बाटो सम्माइएपछि स्थानीय खुसी भएका छन् । बाटोबाट कुलो बग्नाले हिलाम्य सडकमा पैदल हिँड्ने यात्रुहरुलाई हिड्न कठिन थियो । जिम्मेवार निकायदेखि राजनीतिक पहुँच राख्नेहरु यहाँ हुँदापनि सडक मर्मतमा कसैले ध्यान दिएका थिएनन्। गाडीले हिलो र पानी उछिट्र्याएर ब्यवसायी र विद्यार्थीहरुलाई समस्या थियो। नजिकै जनता माध्यामिक विद्यालय र झिमरुक क्याम्पस समेत रहेकाले विद्यार्थीहरुलाई कठिन थियो । यहाँ बाटो मर्मत भएपछि आवतजावतमा सहज भएको छ। अहिले मर्मत भएपनि दिगो व्यवस्थापनका लागि कुलो र नालीको निर्माणमा नगरपालिका लगायत सरोकार वाला निकायले ध्यान दिन जरुरी छ।*

## मुरि भित्रिन्थ्यो फापर : मानो फल्दैन अचेल



नौबहिनी ५ डामृमा गरीएको फापर खेती : तस्विर : तेजेन्द्र

*फापर खेती परम्परागत बाली अन्तर्गत पर्छ। यो मौसम लहलह फापर फुल्ने बेला हो। फापरबाट ढिडो, रोटि, फरौंला लगायतका स्वादिष्ट परिकार बनाइन्छ। पहिले पहिले मुरी फल्ने फापर अहिले मानो पनि फल्दैन। आधुनिकतासँगै परम्परागत रुपमा गरीने खेतीवाली छोड्दै जाँदा फापर खेती लोप हुन थालेको हो। फापर खोज्नेहरु, खानेहरु भेटिन्छन् तर बाली लगाउनेहरु भेटिदैनन्।*

*पुर्खाहरु फापरको धेरै महत्व राखेर यसको खेति गर्ने गर्दथे । अहिलेका किसानहरु यसको खेति गर्न छोडेका छन् । बिउपल नै भेटाउन मुस्किल छ आजभोली। जिल्लाको लिघा, डामृ, खबाङ, स्याउलिबाङ, खुङ, नारीकोट अर्खा, रजबारा, धुबाङ, पकला लगायतका माथिल्लो पहाडि क्षेत्रमा प्रशस्तै फापर फल्ने ठाउँ हुन्। पहिले पहिले यी ठाउँहरुमा धेरै मात्रामा यसको खेति गर्दथे।*

*अहिले यी ठाउँहमा यसको खेति गर्न छोडेका छन् । परम्परागत खेती भन्दा नगदेवालीबाट नाफा हुने भएकाले स्वास्थ्यका लागि पौष्टिक आहार मानिने खेती गर्न छोडिएको छ। माघे सक्तान्तिको दिन फापरको विशेष परिकार बनाएर खाने प्रचलन छ। तर गाउँघरमा फल्ने फापरको पिठो पाइदैन। बजारबाट आयातित फापरको प्रयोग बढेको छ। पहिले सबै ठाउँका बारिहरुमा देखिने फापर अहिले लोप हुन थालेको छ।*

झुलेनी पोष्ट

सम्पादकीय....

## मुल्य वृद्धि समाधान होइन, चुहावट रोक !

*पछिल्लो समय  नेपालमा पेटोलियम पदार्थको मुल्य अत्यधिक मात्रामा बृद्धि भएको छ। पटक पटक भैरहने मुल्यवृद्धिले उपभोक्ताहरु मारमा परेका छन्। पेट्रोल, डिजेल-मट्टितेल खाना पकाउने एलपी ग्यासको मूल्य बढेको हो। अलि अलि तलमाथि भइरहे पनि तत्काल नेपाली बजारमा प्रभाव पर्नेगरी त्यहाँ मूल्य वृद्धि नभएको नेपाल आयल निगम स्वयंले पनि स्वीकारेको छा तर केही सातादेखि नेपालमा पेट्रोलियम पदार्थको मूल्य बढेको बढ्यै छ। अन्तर्राष्ट्रिय बजारमा मूल्य बढेको भन्दै निगमले पछिल्लो समय लगातार पेट्रोलियम पदार्थको मूल्य बढाइरहेको छ। यसको चौतर्फी विरोध भईरहेको छ। दुई साताको अन्तरालमा नै जनताको ढाड सेक्ने गरी पेट्रोलियम पदार्थमा गरिएको मूल्यवृद्धिको विरोधमा विभिन्न क्षेत्रबाट आवाज उठिरहेका छन् । मुल्यवृद्धिको विरोधमा नेकपा एमालेको विद्यार्थी संगठन अनेरास्ववियु विप्लव नेतृत्वको नेकपा माओवादी उत्रिएको छा त्यस्तै विभिन्न ६ विद्यार्थी सङ्ठनले पनि पेट्रोलियम पदार्थमा गरिएको मूल्य वृद्धि फिर्ता लिन माग गरेका छन् । निगमले पेट्रोलियम पदार्थमा निरन्तर गरिरहेको मूल्य वृद्धिले आम नेपालीको जनजीवनमा सिर्जना गरेको नकारात्मक परिस्थितिप्रति गम्भीर ध्यानाकर्षण भएको उनीहरुले जनाएका छन् । दैनिक जीवनसँग प्रत्यक्ष सरोकार राख्ने पेट्रोल, डिजेल र मट्टितेल जस्ता पदार्थमा गरिएको मूल्य वृद्धिले समग्र क्षेत्रमा पार्ने प्रभावले जनताको ढाड सेक्ने काम गरेको भन्दै उनीहरुले विरोध जनाउदै आएका छन। निगमभित्रको भ्रष्टाचार, चुहावट, अनियमितता र बेथिति अन्त्य गर्दै जनतालाई सहुलियत दरमा पेट्रोलियम पदार्थ उपलब्ध गराउन विभिन्न उपायको खोजी गर्नेतर्फ लाग्न अनुरोध गरेका छन। अन्तरराष्ट्रिय बजारको मूल्य समायोजनको हवाला दिँदै गरिएको मूल्यवृद्धि फिर्ता लिन उनीहरुले माग गर्दै आन्दोलन गरीरहँदा यस तर्फ सरकार गम्भिर हुनुपर्दछ।*

*पेट्रोलियम पदार्थको मूल्यवृद्धिले तमाम क्षेत्रको महंगाई बढ्न गई सेवाग्राही र सबै जनतामा यसको प्रत्यक्ष असर पर्ने भएकाले तत्काल मूल्यवृद्धि फिर्ता लिन जोडदार माग गर्दै विप्लव नेतृत्वको नेकपा माओवादीले विभिन्न आन्दोलनको समेत घोषणा गरेको छ। पेट्रोलियम पदार्थको मूल्यवृद्धिविरुद्ध विप्लव नेतृत्वको नेकपाले देशैभर ६ दिने विरोध कार्यक्रम घोषणा गरेको हो।कार्तिक ३० गते नेपाल बन्द गर्ने कार्यक्रम समेत घोषणा गरेका छन्। त्यस्तै अनेरास्ववियुले मुल्य वृद्धि विरुद्ध जस्तोसुकै प्रतिकार गर्न बाध्य हुने भन्दै देशैभरिका अनेरास्ववियुका नेता कार्यकर्ताहिरुलाई मुल्यवृद्धिको विरुद्धको आन्दोलनमा उत्रन आव्हान गरेको छायसरी जतातते विरोध हुनुले पक्कै सकारात्मक सन्देश दिदैन।मुल्य समायोजन भन्ने बाहनामा अन्तराष्ट्रिय बजारमा मुल्य बढ्दा बढाउने तर घटदा नघटाई आयल निगम लगायतका सरकारी निकायहले चुहावट नियन्त्रण एवम् बोनस र भत्ता वितराणमा बेवास्ता गरि जनताको आधारभूत आवश्यकतासँग प्रत्यक्ष रुपमा गाँसिएका वस्तुहरुमा मुल्य वृद्धि गर्दै आफ्ना निकाय र कर्मचारीको मनोमानिलाई लुकाउन निरन्तर घाटामा देखाएर केवल नाफा निकाल्ने उद्देश्य राखि पटक-पटक मुल्य वृद्धि गर्ने उपभोक्ताहरुका लागि राम्रो होईन। पेट्रोलियम पदार्थको मूल्यवृद्धिले तमाम क्षेत्रको महंगाई बढ्न गई सेवाग्राही र सबै जनतामा यसको प्रत्यक्ष असर पर्ने भएकाले तत्काल मूल्यवृद्धि फिर्ता लिनु वा घटाउनु पर्दछ।*

# प्यूठानमा क्रिकेटको संभावना र चुनौति

**जिल्लामा खेलाडीहरु उत्पादन भए पनि दिर्घकालिन रुपमा टिक्न सकिरहेका छैनन्। व्यक्तिगत पहलमा, व्यक्तिगत रुचिका कारण सिमित युवा खेलाडी मात्र अहिले क्रिकेटसँग जोडिएका छन्।**



**टु आर क्षेत्री**

बल र ब्याटले खेलिने क्रिकेट अहिलेको युवा पुस्ताको लोकप्रिय खेल बनेको छ। पाचौं शताब्दिमा शुरु भएको यो खेल सन् १६४६ मा बेलायतमा पहिलो पटक भएको थियो। नेपालमा भने यसको सुरुवात २० औं शताब्दिमा भएको पाइन्छ। सन् १९२० मा राणाहरु बेलायतबाट पढेर फर्केपछि स्वदेशमा खेल्न थाले पनि सन् १९५२ मा राणा शासनको अन्त्य पछि मात्र क्रिकेट साधारण जनता समक्ष पुग्न सफल भएको इतिहासले देखाएको छ।

धेरै पछि मात्र नेपालमा क्रिकेटको सुरुवात भएता पनि पछिल्लो समय नेपाली क्रिकेटले धेरै फड्को मारेको छ। क्रिकेट खेलबाटै नेपाललाई बिश्वमा चिनाउन सफल भएको छ। यद्यपी देशको राजनीतिक अस्थिरता, खेलकुद क्षेत्रमा हुनुपर्ने लगानीको अभाव लगायत कारणले अझै नेपाली क्रिकेटले सोँचे जस्तो सफलता पाउन भने सकेको छैन। घर वलियो हुनको लागि जग बलियो हुनुपर्छ भनेझै नेपाली क्रिकेटको अवस्था सुधार गर्नको लागि स्थानीय स्तरदेखि नै खेलकुद क्षेत्रमा लगानी हुनुपर्दछ। क्रिकेट प्रतियोगिता आयोजना तथा क्रिकेट खेलको लागी लगानी हुनुपर्दछ। जुन आवश्यक मात्रामा हुन सकेको छैन।

प्यूठानको सन्र्दभमा क्रिकेट खेलप्रति दिनप्रतिदिन युवाहरुको चासो बढ्दै गएपनि जिल्लाका खेलाडीहरु क्षेत्रिय तथा राष्ट्रिय स्तरमा पुग्न सकिरहेका छैनन्। क्रिकेट खेलको अभिभावकको रुपमा रहेको नेपाल क्रिकेट संघ (क्यान) मा प्यूठान जिल्ला दर्तासम्म हुन सकेको छैन। जसले गर्दा क्यानले सञ्चालन गरेका प्रतियोगितामा जिल्लाले सहभागिता जनाउनबाट वञ्चित हुन पुगेको छ। यस्तै खेलकुदको अभिभावकको रुपमा रहेको राष्ट्रिय खेलकुद परिषदको जिल्ला शाखा जिल्ला खेलकुद विकास समिति प्यूठानमा पनि खेलकुद बुझेका व्यक्ति नियुक्ति हुन नसक्दा खेलकुदमा खासै फड्को मार्न सकेको छैन। यस्तै समितिले अन्य खेलको तुलनामा क्रिकेट खेललाई बढी महत्व दिन नसक्दा यसको विकास र विस्तारमा स्थानीय क्लव, युवा समुह लगायतले मात्र अघि बढाउने गरेका थिए।

देश संघीय संरचनामा गइसकेको छ। धेरै जसो अधिकार स्थानीय तहले पाएका छन्। यसर्थ क्रिकेट विकास र विस्तार गर्नु स्थानीय तहको पनि जिम्मेवारी हो। यसमा प्युठानका स्थानिय तहहरु बेखबर जस्तै छन्। जिल्लाका धेरैजसो पालिकाहरुमा खेलकुद विकास समिति नै गठन भएका छैनन्। गठन भएका पालिकामा पनि खेलकुद विकास समितिले ठोस निर्णय लिन र कदम चाल्न सकेको देखिदैन।

पालिकाहरुले खेलाडी उत्पादन गर्ने कुनै योजना बनाएको देखिदैन। जिल्ला हाल क्रिकेट क्लव विहिन रहेको छ। नियमित रुपमा क्रिकेट गतिविधि सञ्चालन हुन नसक्दा जिल्लामा क्रिकेट क्लव दर्ता हुन नसकेको हो। आगामी दिनमा क्रिकेटमा स्थानीय तहको लगानी र नियमित प्रतियोगिता हुन सकेमा क्लव दर्ता हुने आकलन गरिन्छ। प्रदेश सरकारको करोडौं रुपैयाँ लगानीमा निर्माण गरिएका खेल मैदान पनि अहिले प्रयोगविहीन छन्। कतिपय स्थानमा खेलाडीहरुलाई पायक नपर्ने स्थानमा खेलमैदान निर्माण गरिएको छ। क्रिकेटप्रति स्थानीय तहले उचित बजेट नछुट्याउनु यसको मुख्य कारण देखिएको छ। भौगोलिक विकटता त्यसमा पनि खर्चिलो खेल क्रिकेटमा सरकारी निकायले लगानी नगर्नुले पनि प्यूठानमा क्रिकेट खेल्नेको संख्या घट्न गएको छ।

जिल्लामा खेलाडीहरु उत्पादन भए पनि दिर्घकालिन रुपमा टिक्न सकिरहेका छैनन्। व्यक्तिगत पहलमा, व्यक्तिगत रुचिका कारण सिमित युवा खेलाडी मात्र अहिले क्रिकेटसँग जोडिएका छन्। खेलाडीका लागि आवश्यक पर्ने आधारभुत सामाग्री मात्र स्थानीय तहले उपलब्ध गराउने, वार्षिक रुपमा क्यालेन्डर बनाएर क्रिकेट प्रतियोगिता आयोजना गर्ने, खेल मैदानलाई क्रमिक रुपमा सुधार गर्दै लैजान सके मात्र प्यूठान जस्तो पहाडी जिल्लाबाट पनि क्रिकेट खेलाडी उत्पादन हुन सक्छन्। राष्ट्रिय स्तरमा प्यूठानलाई क्रिकेटको नामबाट पहिचान दिन सक्छन्।

स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद भन्ने सरकारको नारा अनुरुप अहिले स्वास्थ्यका लागि मात्र खेलकुद भएको छ। राष्ट्रका लागि खेलकुद बनाउन स्थानीय तहले त्यसप्रकारले कार्यक्रम अगाडी बढाउन जरुरी छ। यदि त्यसो भएमा क्षमता भएका खेलाडीहरुलाई अगाडी बढ्न पक्कै सहयोग मिल्नेछ। अरु खेलकुद जस्तै क्रिकेटले पनि प्यूठानका खेलाडी र प्यूठानीलाई चिनाउन सफल हुनेछ।

**(लेखक : गण्डकी विश्वविद्यालयमा स्नातक खेलकुद व्यवस्थापन विषयमा अध्ययनरत हुनुहुन्छ।)**

# ५ प्रदेशका सवारी साधनमा इम्बोस्ड नम्बर प्लेट अनिवार्य

**झुलेनी पोष्ट**

**प्युठान**

सरकारले इम्बोस्ड नम्बर प्लेट जडानलाई अनिवार्य गर्ने भएको छ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले राजपत्रमा सूचना प्रकाशित गरी १ मंसिरदेखि नयाँ दर्ता हुने सवारीसाधनलाई इम्बोस्ड नम्बर प्लेट अनिवार्य गरेको हो। त्यस्तै, १ फागुन ०७८ देखि सवारी नामसारी गर्दा अनिवार्य इम्बोस्ड नम्बर जडान लगाउनुपर्नेछ। त्यस्तै, १ जेठ ०७९ देखि भने सवारी दर्ता प्रमाणपत्र नवीकरण गर्दा इम्बोस्ड नम्बर प्लेट लगाउनुपर्नेछ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका अनुसार इम्बोस्ड नम्बर प्लेट कार्यान्वयन सार्वजनिक सवारी, पर्यटन सवारी, निजी सवारी, सरकारी सवारी र संस्थानका सवारीलाई अनिवार्य गरिएको हो। अहिले बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा कार्यान्वयन हुनेछ। प्रदेश १ र प्रदेश २ मा भने प्रदेश नाम निश्चित नभएसम्मका लागि स्थगित गरिएको छ। 'इम्बोस्ड नम्बर प्लेटमा प्रदेशको नाम राख्नुपर्ने भएकाले अहिले स्थगित गरिएको हो,' यातायात व्यवस्था विभागका निर्देशक रामचन्द्र पौडेलले भने। प्रदेशको नाम तय हुनेबित्तिकै ती प्रदेशमा पनि कार्यान्वयन गरिने उनको भनाइ छ।




विभागका अनुसार सबै प्रदेशमा जडान गरिने इम्बोस्ड नम्बर प्लेट काठमाडौंमा प्रिन्ट गरिनेछ। हुलाकमार्फत प्रदेशमा पठाइँदै छ। १ मंसिरदेखि अनिवार्य रूपमा अनलाइनमार्फत आफ्नो सवारीसाधनको विवरण भरेर तोकिएको यातायात कार्यालयबाट इम्बोस्ड नम्बर प्लेट जडान गर्नुपर्नेछ। संघीय व्यवस्थाअनुसार इम्बोस्ड नम्बर प्लेट जडान गर्ने काम प्रदेशको कार्यक्षेत्रमा पर्छ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को अनुसूची २ को क्रमसंख्या १४ ले दिएको अधिकारलाई प्रयोग गरी प्रदेशअन्तर्गतका कार्यालयमा कार्यान्वयन हुने गरी राजपत्रमा सूचना

बाकी ८ पेजमा ....

# यान्त्रिककरणले किसानलाई सहज देखिन छाडे झिमरुक फाँटमा हल गोरु

सुजाता थापा/तेजेन्द्र वि.एम.
प्यूठान

हरेक वर्ष तिहार पछि झिमरुक फाँटमा गहुँ छर्ने काम सुरुहुन्छ । केहि वर्ष अधिसम्म झिमरुक फाँटमा गहुँ छर्न नारेका हल गोरुले फाँट भरिभराउँ जस्तै देखिन्थे । तर, हिजोआज किसानको खेति गर्ने तरिका फेरिँएको छ । झिमरुक फाँटमा हलगोरु देखिन छाडेका छन् । किसानको खेतमा सररर ट्र्याक्टरले एकैछिनमा जोतेर गहुँ छरेर भ्याइदिन्छ, किसान खुशी हुन्छन् ।



प्यूठान नगरपालिका-४ बिजुवार फाँटमा गहुँ छरी खेत ट्र्याक्टरले जोताउँदै गरेको अवस्थामा भेटिएका प्यूठान नगरपालिका-३ राताभाटाका किसान विष्णुवहादुर के.एमले ट्र्याक्टरले गहुँ छर्न निकै सहज हुन थालेको बताए । 'गोरु लगाएर खेत बाँजो मार्न मात्रै ३ दिन लाग्थ्यो,' उनले भने, 'गोरुले जोत्दा खेतमा ठूला ठूला डल्ला हुन्थे फूट्याउनै गाह्रो ।' बाँझो मारेपछि पूनः गहुँ छर्न ३ दिन समय छुट्याउनु पर्ने झन्जट ट्र्याक्टरले जोताउन थालेपछि हटेको के.एमले बताए । अहिले हलि, गोरुको दैनिक ज्याला १ हजार ५ सय देखि १ हजार ७ सय सम्म दिन पर्नेमा ट्र्याक्टरले जोताउँदा आधाभन्दा धेरै रकम बचत हुन थालेको बताए । के.एमका अनुसार ट्र्याक्टरद्वारा जोताउँदा समयको बचत हुने, पैसा पनि कम खर्च हुने, बाँझो खेतमा नै सिधैं गहुँ छर्न मिल्नुका साथै डल्ला फोर्नका लागि छुट्टै खेताला खोज्नु पर्ने झन्झट हटेको बताए ।

त्यस्तै प्यूठान नगरपालिका-४, निवासी सावित्रा नेपालीले ट्र्याक्टरले खेत जोताउन थालेपछि खेति गर्न सहज हुन थाले बताइन् । '३ वर्ष देखि ट्र्याक्टर मार्फत गहुँ छर्दै आएका छौं', उनले भनिन्, 'सजिलै गहुँ छर्न पाएकोमा धेरै सहज भएको छ । ट्र्याक्टर मार्फत जोताउँदा मिनेटको ५० रुपैयाँ लिने गरेको छ ।' झिमरुक फाँटमा किसानहरुले रोपाईंका बेलामा फाट्फुट्ट गोरुले जोतेर रोपाई गरेपनि पछिल्लो समयमा पनि हाते ट्र्याक्टरले जोतेर रोपाई गर्न थालेको स्थानीय सिता के.एमले बताइन् । प्यूठानका पाखो बारीमा मकै भित्र्याएको केहि दिन मै गहुँ, तोरी र फापर जस्ता अन्न छर्ने गरिन्छ । गाँउमा जाँदा कार्तिक महिनामा तोरी र फापर ढकमक्क फुलेको हुन्छन् । गाउँघर मा समेत ट्र्याक्टर, हाते ट्र्याक्टर प्रयोग गरि खेतिपाति गर्न थालिएको छ ।

# छोटकरी

## हाप्किडो संघको अध्यक्षमा के.सी चयन

झुलेनी पोष्ट
प्यूठान

मार्सल आर्टस हाप्किडो संघ जिल्ला समिति प्यूठानको अध्यक्षमा टेकराज के.सी चयन भएका छन् । आज शुक्रवार बसेको जिल्ला समितिको वैठकले वरिष्ठ उपाध्यक्षसमेत रहेका के.सीलाई सर्वसम्मत चयन गरेको हो । गत कात्तिक २५ गते अध्यक्ष मुक्ति पोखेलले आफ्नो व्यक्तिगत कारण देखाउदै राजिनामा दिएका थिए । यस्तै वैठकले उपाध्यक्षमा प्रचण्ड खड्का र खलजित बुढामगर चयन भएका छन् । जिल्लाका हाप्किडो खेलाडीहरुलाई सँगै लिएर अगाडी वढ्ने अध्यक्ष के.सीले बताए । पद ग्रहण गर्दै के.सीले आत्मरक्षाका लागि हाप्किडो आवश्यक रहेकाले प्रत्येक स्थानिय तह, प्रत्येक विद्यालयमा सो खेल सञ्चालन गरिने बताए । 'पछिल्लो समय वढेको महिला हिंसालाई कम गर्न हाप्किडो आवश्यक हुन्छ ।' उनले भने, 'महिलालाई प्राथमिकतामा राखेर खेल सञ्चालन गर्ने लक्ष्य लिएका छौं ।' असोज महिनामा हुने भनिएको प्रथम अध्यक्षकप लुम्विनि प्रदेश स्तरीय हाप्किडो च्याम्पियनसिप पुस अन्तिमसम्म सञ्चालन गरिने के.सीले बताए ।

प्रहरीको .....

बोका, पाठा, पाठी र बोयर क्रस बाख्रा बिक्रि हुँदै आएका छन् । बाख्रापालनसँगै फर्ममा उनले लोकल कुखुरा र हाँस पनि पालेका छन् । अहिले केहिं संख्यामा हाँस र खेपछि आउँदो वर्षमा हाँसलाई विस्तार गर्ने सोचमा रहेको उनले बताए ।

फर्ममा काम गर्दा गर्दै बाख्रालाई लाग्ने सानो तिनो रोगको उपचार पनि आफै गर्दै आएका छन् । जटिल समस्या भएका बेला भेटनरीमा सम्पर्क गरेको उनको भनाई छ । मल्लका अनुसार फर्ममा बहुवर्षिय जातका घाँसका बिरुवाको नर्सरी समेत स्थापना गरेका छन् । घाँस र घाँसका बिरुवा बेचेर सजिलो आम्दानी रहेको मल्ल दम्पत्तिको भनाई छ । 'कृषि कर्म नै गर्ने उद्धेश्य लिएको छु', मल्लले भने, 'विदेश जाने युवाहरुले आफ्नो ब्यवसायबाट सिको गर्न अनुरोध गर्दछुं ।'

फर्म सञ्चालनका लागि गौमुखी गाउँपालिकाले हौसलाका लागि ७ लाख अनुदान दिएको थियो । 'सुरुमा आफै स्थापना गरीयो', उनले भने, 'पछि केहिं कठिन हुँदै थियो, गाउँपालिकाले अनुदान दिएकोले बाख्रापालन सजिलै चल्दै आएको छ ।'

# यि हुन् प्युठान सहित लुम्बिनी प्रदेशमा चुनिएका महाधिवेशन प्रतिनिधिहरु

झुलेनी पोष्ट
प्युठान

नेकपा एमालेको दशौं राष्ट्रिय महाधिवेशनका लागि लुम्बिनी प्रदेशका १२ वटै जिल्लाबाट महाधिवेशन प्रतिनिधि निर्वाचित भएका छन् । नवलपरासी पश्चिम र रुपन्देहीबाहेक अधिकांश जिल्लामा सर्वसम्मत प्रतिनिधि चयन भएका एमाले लुम्बिनी प्रदेश कमिटीले जनाएको छ । रुपन्देहीको क्षेत्र नं ३ र ४ मा भने खुल्ला तर्फका लागि आज निर्वाचन हुँदैछ । यी हुन् लुम्बिनी प्रदेशबाट निर्वाचित एमालेका महाधिवेशन प्रतिनिधिहरु ।

**नवलपरासी पश्चिम** :

**क्षेत्र नं १** बाट दिपेन्द्रकुमार अधिकारी, धिरज शर्मा बस्याल, रामप्रसाद अर्याल, बद्रिनाथ खनाल, सरिता खनाल र सिन्धु जलेशा निर्वाचित भएका छन् ।

**क्षेत्र नं २** बाट डोलराज भण्डारी, थानप्रसाद गैरे, केशव भण्डारी र लेखनाथ खरेल निर्वाचित भएका छन् । महिलातर्फवाट विमला अर्याल र लक्ष्मी क्षेत्री निर्वाचित भएका छन् । दलिततर्फ तुलसी पासी र राजु हरिजन निर्विरोध भएका छन् ।

**गुल्मी** : मधुकृष्ण पन्त, बालसिं काउछा, सोमनाथ सापकोटा, अमर सिंजापती, कृष्ण भुसाल, प्रेम पराजुली, खिमानन्द पाण्डे, रितबहादुर थापा र चक्रबन्धु भुसाल, नर्मदा भण्डारी, लक्ष्मी पन्त, सीता भण्डारी र ललिता गौतम तथा दलिततर्फ जंग नेपाली, कृष्ण सुनार, धर्म विश्वकर्मा र जुना विश्वकर्मा निर्वाचित भएका छन् ।

**पाल्पा** : झपेन्द्रबहादुर जिसी, राधाकृष्ण कँडेल, देवीलाल लामिछाने, विमलप्रसाद काफ्ले, अशोककुमार शाही, रामबहादुर रउत, मोहन थापामगर, ओमबहादुर घर्तीमगर र नवीन थापा, कुबिजा अर्याल, सरस्वती भट्टराई, नारायणी शर्मा र गीता पाण्डे तथा दलिततर्फ ठाकुरप्रसाद लोहागुन र दीपक विश्वकर्मा निर्वाचित भएका छन् ।

**दाङ** : रेवतीरमण शर्मा, राममणी पाण्डे, कुलबहादुर केसी, सहजराम यादव, गंगा थारू सत्गौवा, सरस्वती गौतम, टिकाराम खड्का, लक्ष्मण आचार्य, टोपेन्द्रबहादुर केसी, भेषराज केसी, बली राना, तुलसा केसी, हुमा डिसी, हुकुम बहादुर बस्नेत, घनश्याम पाण्डे, रामजी मिलन चौधरी, भुवनेश्वर पौडेल, मनोहर बुढाथोकी, कृष्ण भुसाल, कोमल वली, माया आचार्य र धमकली चौधरी निर्वाचित भएका छन् । दलितबाट जितेन्द्रमान नेपाली, मानबहादुर विक र निर्मला विक निर्वाचित भएका छन् ।

**रुकुम पूर्व** : नन्दलाल शर्मा, टोपबहादुर ओली, लिलामणि गौतम र निर्माण बुढा, आशा स्वर्णकार र दलितर्फ मस्तबहादुर विश्वकर्मा निर्वाचित भएका छन् ।

**प्युठान** : हरि रिजाल, तुल्सीराम शर्मा, धनबहादुर रायमाझी, टेकुलाल गिरी, विजयविराज विष्ट, डिलबहादुर थापा मगर, कमला रिजाल र गोमा रेग्मी तथा दलिततर्फ भगबहादुर विश्वकर्मा निर्वाचित भएका छन् ।

**कपिलवस्तु** : विष्णु पन्थी, झविलाल पोखेल, विश्राम चौधरी, डम्मर शर्मा, विश्व कार्की, घरभरण यादव, टेकराज पौडेल, आजाद अहमद दर्जी, बाबुराम खनाल, उपेन्द्र खनाल र टोपलाल पोखरेल, सुशीला दर्लामी ढमजुर कोटाण, शान्ति पाण्डे, प्रभा पौडेल, लक्ष्मी न्यौपाने र कमला भुसाल निर्वाचित भएका छन् ।

**अर्घाखाँची** : चेतनारायण आचार्य, रमजीप्रसाद घिमिरे, कुटमुद्दिन अली, जनार्दन खनाल, पिताम्बर भुसाल, प्रकाश ज्ञवाली, तोजबहादुर रायमाझी, काशिराम आचार्य र खगिश्वर पन्थी, जालपा भुसाल, प्रमिला क्षेत्री, विजुला रायमाझी र विष्णुमाया आचार्य तथा दलितबाट भोजबहादुर गन्धर्व, लिलबहादुर विक र शिवकला विक निर्वाचित भएका छन् ।

**रोल्पा** : कुमार दशौंदी, पूर्ण बुढामगर, बालाराम बुढामगर, शान्तकुमार ओली, जुनमाया बुढा र ईश्वरी जिएम तथा दलितबाट रिमा नेपाली निर्वाचित भएका छन् ।

**बर्दिया** : क्षेत्र नं १ बाट लालबहादुर श्रेष्ठ, शालिकराम अधिकारी, खड्गबहादुर खड्का, आनन्द पुन, पदम ढकाल, पूर्ण शर्मा, कृष्णकुमारी गुरुङ, शोभा ज्ञवाली र लिला राना निर्वाचित भएका छन् । यस्तै क्षेत्र नं २ बाट भिम केसी, लहानु थारु, खगेन्द्र खनाल, पहाडी थारु, पंकज राठोर, मेनकाकुमारी पोखरेल, सितामैया शाही तथा दलितबाट भक्तबहादुर विक र सम्झना विक निर्वाचित भएका छन् ।

**बाँके** : क्षेत्र नं १ बाट सूर्य ढकाल, देवराज भार, प्रेम भुसाल, बसन्ती अधिकारी र भारती खनाल निर्वाचित भएका छन् । क्षेत्र नं २ बाट निरक गुरुङ, हलिम शाह, अशोक कर्माचार्य, रामबहादुर चन्द र विजया धिताल निर्वाचित भएका छन् । क्षेत्र नं ३ बाट घनलाल खनाल, किस्मत कक्षपति, रत्न खत्री, भूमिसरा धिताल तथा दलितबाट पुजन विश्वकर्मा र नन्दलाल विश्वकर्मा निर्वाचित भएका छन् ।

**रुपन्देही** : क्षेत्र नं १ बाट यज्ञ गैरे, ध्रुव खरेल, डा कृष्ण न्यौपाने र ऋषिराम सापकोटा, महिलातर्फ जागेश्वरी चौधरी र विद्यालक्ष्मी गुरुङ निर्वाचित भएका छन् । खुलातर्फ ४ सिटमा १२ जनाले चुनावी प्रतिस्पर्धा गरेका थिए । क्षेत्र नं २ बाट शिवराज सुवेदी, भोजप्रसाद श्रेष्ठ, बासुदेव घिमिरे, चित्र बहादुर कार्की, मोहन चापागाई, बाबुराम भट्टराई, गोपाल राना र बलबहादुर आचार्य चयन भएका छन् । महिलातर्फ गोमा आचार्य, सावित्रा अर्याल, ज्ञानु केसी निर्वाचित भएका छन् । दलिततर्फ जोगलाल विश्वकर्मा र सुरेन्द्र श्री ढनिर्विरोधण, कमला विश्वकर्मा चयन भएका छन् । क्षेत्र नं ३ बाट महिलातर्फ उमा अधिकारी र ममता पौडेल निर्विरोध निर्वाचित भएका छन् । खुल्ला तर्फका ४ जना महाधिवेशन प्रतिनिधिका लागि १० जना बढीले उम्मेदवारी दिएकाले आज निर्वाचन हुँदैछ । क्षेत्र नं ४ बाट २ जना खुल्ला प्रतिनिधिका लागि ४ जना र १ महिलामा २ जनाले उम्मेदवारी दिएकाले आज निर्वाचन हुँदैछ । क्षेत्र नं ५ बाट भूमिलाल सापकोटा, जीवनाथ पाण्डे, शिव पौडेल, रामचन्द्र यादव र कल्पना हरिजन निर्वाचित भएका छन् ।


नेपाल सरकार
केन्द्रीय तथ्याङ्क विभाग

**जिल्ला जनगणना कार्यालय, विजुवार प्यूठानको अनुरोध**

यहि मिति २०७८ साल कार्तिक २५ देखि ९ गतेसम्म मुख्य प्रश्नावली फारम भर्न घर-घरमा आउने गणक कर्मचारीहरुलाई सत्य तथ्य विवरण उपलब्ध गराई सहयोग गरिदिनु हुनका साथै आ-आफ्ना छिमेकीलाई जनगणनामा सहभागी हुन जानकारी दिई राष्ट्रिय जनगणना २०७८ लाई सफल पार्नु हुन सबै सरोकारवालाहरुलाई हार्दिक अनुरोध गर्दछौं ।

मेरो गणना मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८

अनुरोधक
रोचक सुवेदी
कार्यालय प्रमुख
केन्द्रीय तथ्याङ्क विभाग

प्यू.जि.प्र.का.द.नं. : ११/०७०/०७१
जि.हु.का.द.नं. : ९/०७२/०७३

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

# हरेक बिहान फेसबुक खोल्दा तर्सिने खबर



सन्जय घिमिरे

हामी टाढा छौं ।
बिल्कुल टाढा ।
जन्मेको ठाउँबाट टाढा ।
हुर्केको ठाउँबाट ।
बढेको ठाउँबाट टाढा ।
पढेको ठाउँबाट टाढा ।
माटोबाट टाढा ।
बाटोबाट टाढा ।

टाढा हुनुका थुप्रै गुण र दुर्गुण हुन्छन् । एउटा कुरा पक्का हो, अमूर्त चित्रहरू टाढाबाट राम्रा र प्रस्ट देखिन्छन् । ठिक उल्टो, मूर्त चित्रहरू भने टाढाबाट धुमिल देखिन्छन्। बडो विचित्र छ, प्रस्ट देख्न पनि कहिले नजिक हुनुपर्छ, कहिले टाढा। ठाउँ परिवर्तन गरिरहनुपर्ने । अन्ततः देख्न त प्रस्टै खोज्दो रहेछ- मन । देख्न त प्रस्टै खोज्दो रहेछ- दृष्टि। चाहे त्यो अमूर्त आकृति होस् वा चाहे त्यो मूर्त आकृति होस्। चाहे त्यो सुखको आकृति होस् वा दुःखको आकृति होस् । चाहे त्यो खुसीको आकृति होस् वा पीडाको आकृति होस् ।

जसो गर्दा पनि, जब दृश्यहरू प्रस्ट देखिँदैनन्, जब दृश्य धुमिल हुन्छन्, अनि एक खालको छटपटी पैदा हुन्छ मन र दिमागमा । हामी अमेरिकामा छौं। कतिपय धेरै कुरा छन् नेपालतिरका जो यहाँबाट प्रस्ट देखिन्छन्। बिग्रेका, भत्केका, राजनीतिका, समाजका, नियम र त्यसका कार्यान्वयनका, अराजकताका । त्यसैले कहिलेकाहीँ भन्न मन लाग्छ- यो चाहिँ ठिक देखिएको छैन । भन्दा पनि मन अलि हलुंगो हुन्छ। तर एउटा यस्तो चिज रहेछ मृत्यु जुन भन्दा मन हलुंगो होइन, भारी हुन्छ ।

मृत्यु जो नेपालमा हुन्छ र हामी सुन्छौं मात्र, जो टाढाबाट देखिँदैन, सुनिन्छ मात्र, त्यसले धेरैपटक मलाई बिथोलेको छ । हरेक दिन बिहान जब म फेसबुक खोल्छु, त्यसबाट तर्सिने एउटा मात्र कुरा हो मृत्युको खबर । यो कोरोना कहरमा त झन् यस्ता खबर कति कति! नेपालबाट कसै न कसैले, कुनै न कुनै दिन, कसै न कसैको मृत्युको खबर पोस्ट गरेको हुन्छ । अझ तस्बिरसहित ।

बितेका यी दुई सातामा मेरै पाँच जना आफन्तजनको मृत्युको खबर फेसबुकले लिएर आयो। चिनेजानेकाको मृत्युको कुरा गर्ने हो भने दस जनाभन्दा बढी । घटस्थापनाको तीन दिनअघि मेरा एक जना हजुरबुवाको मृत्यु भयो । दसैंको टीकाको तेस्रो दिन ठूली आमाको मृत्यु भयो । ठूली आमाको मृत्युको खबर सुनेको तीन दिनपछि एक दिनको फरकमा साढुभाइका बा-आमाकै मृत्युको खबर सुन्नुपर्‍यो । साढुभाइका बा-आमाको मृत्युले एकखालको वैराग्य पैदा गराइरहेकै बेला फेरि नेपालबाट खबर आयो- सानो बुवा शारदाप्रसाद पण्डित रहनुभएन । सर्वोच्च अदालतका पूर्वन्यायाधीश सानोबुवा पण्डितसँगका सम्झना र सन्दर्भहरूले मलाई अझै बिथोलिरहेका छन् ।

यसअघि मैलै आफ्नै वरिपरि यतिसाह्रो मृत्युको शृंखला देखे वा सुनेको थिइनँ । यस्तो लागिरहेछ- मृत्यु हाम्रै वरिपरि घुमिरहेको छ। कहिले आफ्नो परिवारकै, कहिले साथीको, कहिले छिमेकको, कहिले समाजको, कहिले देशको, कसै न कसैको मृत्युको खबरले म यति बेला अलि बिथोलिएको छु । यसै पनि, मृत्युको खबरले जहिले पनि, जसलाई पनि, जहाँ पनि झस्काउँछ । हामीजस्तो टाढा बस्नेलाई यसले बढी झस्काउँदो रहेछ । अलि फरक ढंगले झस्काउँदो रहेछ ।

यो झस्काइको म ठ्याक्कै वर्णन गर्न सक्छु कि सक्दिनँ, थाहा छैन । तर नेपालमा हुँदा, त्यता कतै नजिकै देखेको, सुनेको मृत्युभन्दा यता टाढाबाट सुनेको मृत्युको खबरको अनुभूति अलि बेग्लै खालको हुँदो रहेछ । नेपालमा जसलाई जस्तो अवस्थामा छाडेर आएका थियौं, ती आज पनि त्यस्तै अवस्थामा होलान् वा हामी नफर्कुन्जेल रहिरहून् भन्ने लागेर हो कि, किन हो थाहा छैन। त्यसो त हामी आफू फर्किने नै के टुंगो छ र? बाँच्ने वा मर्ने त न यताकाको टुंगो छ न उताकाको टुंगो । यो दोसाँधको जिन्दगी!

हामी यताकालाई समय बितेको पत्तै नहुने हो वा खोइ के हो, थाहा छैन । वा, हामीलाई लाग्ने हो- उताको समय टक्क कहीं रोकिएको छ। र, हाम्रा हजुरबुवा, हजुरआमा, आमाबा, ठूलाबा-ठूलीआमा, सानाबा-सानीआमा, फुपू दिदी, अन्य नातागोता, छरछिमेक, साथीभाइ, नेता, प्रोफेसर, अर्थात् चिनेजानेका र मानेका, देखेभोगेका सबै आज पनि उस्तै छन्, जस्तो मैले देखेँ वा भोगेर आएको थिएँ। साँच्चै भनूँ, तीमध्ये कतिपयसँग अंगालिने, माया गर्ने, भेट्ने, गफिने, हाँस्ने, रूने, झगडा गर्ने, ठुस्सिने, गुनासो गर्ने रहर पुगेकै थिएन । पुगेकै छैन । आधा पूरा र आधा बाँकी रहरहरू छाडेर हिँडेका छौं हामी । हुन त हाम्रो जिन्दगी नै पूरा छैन, रहरहरू कसरी पूरा होऊन्। रहर त पृथ्वीजस्तै हो जो मनको सूर्यको चक्कर लगाइरहन्छ । जति शितल भए पनि बटुवा कहाँ चौतारीमै बसिरहन्छ र? जति शितल भए पनि चौतारी घर होइन । तै पनि तलतल चाहिँ शितलताकै लागिरहने । कहिल्यै नमेटिने तलतल।

एकछिन चौतारीमा बस्यो, उठ्यो हिँड्यो, फेरि शितल खोज्यो । हिँडन त हिँडिएकै छ । यो हिँडाइमा कति चौताराहरू, त्यसका शितलताहरू पछि पर्छन् पर्छन् । मेरो जन्मगाउँ देउरालीका कतिपय हजुरआमा, हजुरबुवा, सानाबुवा वा ठूलाबुवालाई मैलै गुमाएँ अमेरिका आए यता । कति साथीहरूलाइ गुमाएँ अमेरिका आए यता । कति मैले मानेका नेताहरूलाई गुमाएँ अमेरिका आए यता । कति मेरा प्रिय प्रोफेसरहरूलाई गुमाएँ अमेरिका आए यता । मलाई किन किन लागेको थियो, मैले मनपराएका र केही महत्वपूर्ण समय बिताएका वा अझ यसो भनौं, म हुरूक्क भएका प्रोफेसर डा. दुर्गाप्रसाद भण्डारीको कहिल्यै मृत्यु नहोस् ।

साँच्चै भनूँ- मेरो एउटा सपना थियो- कुनै दिन म एउटा किताब लेख्ने छु र, डा. भण्डारीले त्यसमा भूमिका लेखिदिनु हुनेछ । समयमा न मैले किताब तयार पार्न सकें न उहाँ सय वर्ष बाँच्नुभयो । हिन्दीमा एउटा गीत छ-

आधा हे चन्द्रमा रात आधी,
रहन जाहे तेरी मेरी बात आधी
ठिक यस्तै भयो ।

मेरो लागि चन्द्रमा पनि आधी नै रह्यो । बात पनि आधी नै रह्यो । डा. भण्डारीसँगको मात्र कुरा होइन, अरू पनि थुप्रै छन् जोसँगको बात आधाको आधै रहन्छ । एउटा मान्छेले आफ्नो जीवनकालमा आफूले चिनेजानेका वा देखेभोगेका वा जानेमानेका कति मान्छेहरूको मृत्यु देख्दो हो वा सुन्दो हो, म भन्न सक्दिनँ । हिसाब गर्न मन लागेको छ मलाई । कोही कसैले हिसाब गरेको छ भने कृपया मलाई भनिदिनु होला- एउटा मान्छेले आफ्नो जीवनकालमा अनुमानित कति जना आफ्ना नजिकका, चिनेजानेका र जानेमानेकाको मृत्यु अनुभव गर्छ? सम्झिनुस् है, गन्नुस् है ।

तर ख्याल गर्नुस्, यो संख्याको मात्र कुरा होइन, यो भावनाको पनि कुरा हो । कति मृत्युले तपाईं-हामीलाई बिथोलेका वा चोट पुर्‍याएका छन्? अघि भनेजस्तो, म यति चाहिँ भन्न सक्छु- नजिक वा त्यतै कतै बसेर मृत्यु देख्नु वा सुन्नु र टाढाबाट मृत्यु सुन्नुमा फरक पर्दो रहेछ। झसंगजस्तो भइँदो रहेछ । फरक खालको झसंग । मैले धेरैपटक अलि फरक खालको झस्काइ अनुभूत गरेको छु, नेपालबाट आएका आफूले चिनेजानेकाको मृत्युको खबर सुनेर । चिनेजानेकाको मृत्युको खबरले त यति झस्काउँछ भने आफ्नै परिवारभित्रको मृत्युले कति झस्काउँदो हो ? म कल्पनासम्म गर्न सक्दिनँ । मेरा कतिपय साथीहरू छन् जो आफू अमेरिकामा छन् र नेपालमा एक्कासि आफ्नी आमा वा बुवा गुमाएको खबर सुनें । साथीभाइको मात्र के कुरा, मेरै साढुभाइ गोपाल शाह जो पन्ध्र वर्ष भयो अमेरिका आएको, उनले नेपाल जाने टिकट लिनुअघि नै आमाबुवा गुमाए ।

कल्पना गर्नुस् त, देखेको होइन, सुनेको आमा-बुवा गुमाएको खबर! कसरी तिनले टाढाबाट सहन सके होलान ? म कल्पना गर्न सक्दिनँ । नजिक हुँदा बरू घाटमा लगेर नजलाइन्जेसम्म सँगै छु नि भनेजस्तो लाग्दो रहेछ। हरक्षणको साक्षी भएजस्तो। टाढा हुँदा त ओ हो भुमरीमा फसेजस्तो। के गर्ने, कसो गर्ने पत्तै हुँदैन। कसैले नेपालबाट मिलाएर खबर सुनाउँछ सांकेतिक रूपमा - आमा वा बाको अवस्था यस्तो छ भनेर । अब कल्पना गर्नुस्, तपाईं-हामी छोराछोरीहरू अमेरिकाबाट नेपाल जानुपर्नेछ । कहाँ सजिलो छ र ? व्यवहारका जटिलता त छँदै छन्, त्योभन्दा पनि भावनाका जटिलता त कति कति! भावनाको यो जटिलतामा हामी टाढावासीहरू कति बिथोलिन्छौं कति, भनी साध्यै छैन । भन्नलाई पो सजिलो हो त, भोग्ने र अनुभूत गर्ने कुरा त बेग्लै छ नि । म अमेरिका आएयता, मेरा कति हजुरआमाहरू, मेरा कति हजुरबुवाहरू, मेरा कति सानाबाहरू, मेरा कति साथीहरूको मृत्युको खबर म टाढाबाट सुनिरहेको छु। सिर्फ सुनिरहेको छु । मेरा गाउँका कतिपय हजुरआमाहरूलाई भनेर हिँडेको थिएँ - हजुरआमा अब आउँदा म तपाईंलाइ यो वा त्यो लिएर आउँला । हजुरआमा फुरूंग हुनुभएको थियो। म यता सोचिरहेको थिएँ, ती हजुरआमाहरूलाई फेरि फुरूंग बनाउँला। तर दुर्भाग्य, त्योभन्दा अघि नै हजुरआमाहरू गए। म फेसबुक वालमा हेरेको हेर्‍यै भएँ । कति हजुरआमाहरूले दसैंको टीका लगाउने बेला भनेका थिए- आघुम् देख्न पाइन्छ पाइँदैन। ठ्याक्कै त्यस्तै भयो ! न उनीहरूले देख्न पाए न मैले देख्न पाएँ । म रहर साँचेको साँच्यै भएँ, उनीहरू रहर पालेको पाल्यै भए । जब म नेपाल जान्छु र हजुरबुवा-हजुरआमाहरूको अगाडि वा भनौं बुढाबुढीहरूको अगाडि पर्छु र जब उनीहरूले अब फेरि देख्न पाइएला वा नपाइएला भन्छन्, म सहनै सक्दिनँ । आँखा रसाएर आउँछन् ।

हो त, त्यही देखाइ वा भेटाइ अन्तिम पनि हुन सक्छ। त्यसैले आजकल हजुरबुवा-हजुरआमाहरूका अगाडि पर्दा मेरा आँखा पहिल्यै रसाउँछन् । अझ भनौं, उनीहरूको अगाडि पर्न नै मलाई डर लाग्छ। जब म उनीहरूबाट टाढा हुनेछु, कुनै दिन यस्तो आउनेछ, म सिर्फ उनीहरूको मृत्युको खबर फेसबुक वालमा देख्नेछु। नजिक हुँदा, भेटै नभए पनि अस्ति देखेकै वा भेटेकै त हो नि, परे यहीं कतै त छु नि भनेजस्तो लाग्दो रहेछ। टाढा भएपछि केही अत्तोपत्तो नहुने, अरू कुरै थाहा नहुने, मृत्युबाहेक। कुरा अमेरिका हुँदाको मात्र होइन, गाउँ छाडेर सहर आउँदाको पनि उही हो ।

नेपालका कुनै पहाडी अन्तर कुन्तरबाट जब हामी काठमाडौं छिर्छौं, गाउँ नगएको धेरै समय हुन्छ । फर्किंदा एउटा चोलो, पटुका, मिश्री र गुँदपाक ल्याइदिऊँला भनेर छाडेर हिँडेका हजुरबुवा-हजुरआमाहरू हुँदैनन् । मेरो गाउँमा असाध्यै रमाइला जौशी हजुरबा हुनुहुन्थ्यो । कुरा गर्न साह्रै रसिक। भारतीय सैनिकका रिटायर्ड पण्डित। मास्टर मित्रसेन र रत्नदासका गीतहरू रमाइलो मानी मानी सुनाउने। काठमाडौंबाट गाउँ जाँदा अक्सर म उहाँलाई भेट्न जान्थें । हामी केटाकेटीदेखि बुढाबुढीसम्मलाई असाध्यै माया गर्नुहुन्थ्यो। मिठाइ दिनुहुन्थ्यो । अलिक केटाकेटी हुँदासम्म त रमाइलो मान्नुबाहेक अरू के हुनु र ? पछि लेखनतिर लागेपछि भने सोचेको थिएँ- जौशी हजुरबासँग बसेर अनेक गफ सुनौंला। बुझूँला जिन्दगीका रङका धर्साहरू। र, लेखूँला कुनै दिन। उ बेला कहाँ उति बेलै रेकर्ड र प्रसारण गर्न मिल्ने फेसबुक र युट्युबहरू थिए र ?

सुनेर कापीमा नोट गर्ने सोच्दासोच्दै एकदिन खबर आयो जौशी हजुरबा बित्नुभयो। हत्तेरी ! मेरा आफ्नै हजुरबा पनि म काठमाडौं हुँदा बित्नुभएको हो। काठमाडौंबाट घर फर्किंदा उहाँलाई घाटमा लगिसकिएको थियो । हजुरबा बितेपछि मलाई लाग्यो- एउटा जान्नैपर्ने इतिहासको पाना नपढिंदै च्यातियो । सँगै भएको भए वा नटाढिएको भए सायद अन्तिम दिनहरूसम्म पनि म पिँढीमा बसेर हजुरबाका कुरा सुनिरहेको हुने थिएँ। उहाँले लिएका अन्तिम सासको हिसाबकिताब राखिरहेको हुने थिएँ । मेरो झस्काइ क्रमशः कम हुँदै जाने थियो । मलाई सायद जीवन र मृत्युको हिसाब मिलाउन अलि सजिलो हुने थियो। जब हामी सानो थियौं, हजुरबालाई बुझेनौं । जब बुझ्ने भयौं, हजुरबा रहनुभएन ।

जति बेला हजुरबा पिँढीमा बसिरहनुहुन्थ्यो, हामी त्यो पिँढी छाडेर अन्यत्रै हिँड्यौं। पछि त्यही पिँढी पनि रित्तो भयो। हामीले रित्तिएको खबर पायौं । मिल्ने भए आफन्तहरू जीवनका अन्तसम्म सँगै होऊन् झैं लाग्छ आजभोलि । उ बेला मृत्युको खबर अलि मिलाएर सुनाउने चलन थियो। पहिले सोधिन्थ्यो- कहाँ के गर्दै छ वा खाना खाइसकेको छ कि छैन भनेर । खान लागेको छ भने मृत्युको खबर केही बेर 'होल्ड' गरिन्थ्यो। खाइसकेपछि सुनाइन्थ्यो । अहिले त न सोध्नु न पुछ्नु । कसैले वीभत्स तस्बिरसहित फेसबुकमा पोस्ट गरिदिन्छ। टाढा बस्नेहरू तस्बिर देखेर झस्कन्छन् एक्कासि मजस्तै। आउँछन् खबर हवारहवार्ती ।

एक समयको कुरा हो । अघिल्लो साँझ भारतका चर्चित मुशाहर राहत इन्दोरीको मृत्युको खबर देखेर सुतेको थिएँ युट्युबमा । एक हिसाबले उनको मृत्युको शोकमा थिएँ म। त्यस्तो तेज शायर एक्कासि कहाँ, किन हराएको होला? म सोचिरहेको थिएँ । मैले सोचें पनि नसोचें पनि राहत इन्दोरी बिलाएका थिए कतै।कतै, आकाशमा। कतै, जमिनमा वा कता कता। खोइ किन हो मलाई फेरि उनलाई सुन्न मन लाग्यो। खोजें। सुनें । सुनिरहेको थिएँ-

फुलोंका दुकाने खुलो,
खुश्बुका व्यापार करो।
इश्क खता हे तो,
ऐ खता एकबार नही सौ बार करो ।

भोलिपल्ट बिहानै मेरा एक जना नेपालका पत्रकार प्रिय मित्र बलराम बानियाँको मृत्युको खबर देखें फेसबुकवालमा । म झस्किएँ ।

जानेमाने अनुहार मित्र बलरामको। समाचारहरू भनिरहेका थिए- उ खोलामा हेलिएर मर्‍यो । म टाढाबाट यो समाचार पढी मात्र रहेको छु । म समाचारको साक्षी होइन । म सिर्फ समाचारको स्रोता वा पाठक हुँ । सुनेको छु, पढेको छु । देखेको छैन । म टाढा छु । टाढा हुनुको मतलब म बलरामको दैनिकीसँग परिचित छैन । त्यसैले मलाई उसको जीवनका हिसाब वा बेहिसाब थाहा छैन। मलाई यत्ति मात्र थाहा छ- नमर्नुपर्ने समयमा ऊ मर्‍यो। नमर्नुपर्ने मान्छे मर्‍यो। हुन त नमर्ने मान्छे को हुन्छ र? तर फरक छ है

बाकी ५ पेजमा...

# अधुरो खुला दिसामुक्त अभियान : हैजाले अझै नागरिकको लिादैछ ज्यान

आश्विन १८ गते, कृष्णनगरको बहादुरगंजस्थित शिवराज अस्पतालमा रातिको ८ बजेदेखि बिरामीहरुको चाप अचानक बढ्न थाल्यो। अस्पताल आउने सबै बिरामीहरुको एकै खाले लक्षणहरु थिए; केही घण्टाको अवधिमा उनीहरुलाई तारन्तार पानी जस्तो पातलो दिसासँगै बान्ता भएको थियो। जीवनजल वा अन्य कुनै औषधिले छोएको भए सायद यी बिरामीहरु अस्पताल आउँदैन थिए होलान्। तर केही घण्टाभित्रै सुरु भएको झाडापखाला र वान्ता यति कडा थियो कि अधिकांस बिरामीहरु खान र निल्न नसक्ने गरी शिथिल भइसकेका थिए। १५ शय्याको अस्पतालको प्रमुख सहितको टोलीले आफ्नो सामर्थ्यभन्दा बढी दुई दिनको अवधिमा ३ सयभन्दा बढी बिरामीहरुको व्यवस्थापन गरिसकेको थियो। आजका मितिसम्म एक हजार तीन सयभन्दा बढी बिरामीहरुको व्यवस्थापन भइसकेको छ । यसै दौरान झाडापखाला (हैजा)कै कारण ६ जनाको दुखद मृत्यु भइसकेको छक्ष मृत्यु हुनेमा २ वर्षे बालकदेखि वृद्ध, सबै उमेर समूहका रहेका छन् । आजको २१ औं शताब्दीमा झाडापखाला (हैजा) बाट कसैको पनि मृत्यू हुनु अत्यन्त दुखद बिडम्बना हो।

**कसरी लाग्छ ज्यानै लिने रोग, हैजा?**

दुषित खाना वा पानी अथवा अझ बुझ्ने गरी भन्ने हो भने दिसा खाएर हुने रोग हो हैजा। सुन्दा अचम्म लाग्छ ,पत्याउन पनि अफ्ठ्यारो नै हुन्छ, मानिसले दिसा कसरी खान्छ भनेर। अनुसन्धानका क्रममा झाडापखाला प्रभावित क्षेत्रको स्थलगत अध्ययन गर्दा के पाइयो भने त्यस क्षेत्रका अधिकांस व्यक्तिहरु घर नजिकैको खुला स्थानमा दिसा गर्छन, दिसा धोएपछी पानीले मात्र हात धुन्छन, त्यही हातले घरमा खानको लागि प्रयोग हुने पानी चलाउँछन्, खाना पकाउँछन्, सबैलाई त्यही हातले पस्केर दिन्छन्, पाकेको खाना छोपेर राख्दैनन् र ठेला वा खुला सडकमा बनाएको खाना बडो शानका साथ खाने गर्छन्। लक्षण नभएका वा सामान्य लक्षण भएका व्यक्तिहरुले खुलामा गरेको दिसामा प्रसस्त मात्रामा हैजाका किटाणुहरु हुन्छन्। जसलाई स्वयम् मानिसले फोहोर हातको माध्यमबाट वा झिंगाहरु सोही दिसामा बसेर आफ्नो खुट्टामा भएको दिसालाई मानिसले खाने खानामा ल्याएर छोडी दिन्छन, मानिस त्यही दिसा मिसिएको खाना खान्छ वा पानी पिउँछ अनि ज्यानै लिन सक्ने रोग हैजाबाट प्रभावित हुन्छ।

**कहााबाट , कसरी र किन हैजा कपिलवस्तुमा?**

महामारी तथा रोग नियन्त्रण महाशाखाबाट खटिएका अनुसन्धान तथा प्रतिकार्य टोलीहरुलाई सबैभन्दा पहिले यति ठुलो संख्यामा एकै पटक यति धेरै जनसंख्यालाई प्रभावित पार्ने र ६ जनाको ज्यानै लिन सक्ने झाडापखालाको कारण पत्ता लगाउने चुनौती थियो। रोगको प्रकृति, समय, बिरामीहरुको दिसाको नमुना जाँच, पिउने पानीको परीक्षण, खुलामा दिसा गर्ने यहाँको संस्कार, दिसा गरिसकेपछी सामान्य पानी वा माटोले हात धुने बानी, सरसफाईको नाजुक अवस्था, आम नागरिकमा यसबाट हुन सक्ने जोखिमको कत्ति पनि आभास नहुनु र विगतमा पनि मानिसको ज्यान गएका झाडापखालाका घटनाहरु समेतलाई सुक्ष्म विश्लेषण गर्दा कपिलवस्तु जिल्लामा हैजाको ब्याक्टेरिया पहिले देखिनै विचरण गरिरहेको, समय समयमा कुनैनकुनै स्थानमा स-साना झाडापखालाका घटनाहरु घटाइरहेको र कहिलेकाँही यसकै कारणबाट मृत्यू समेत भएको तथ्यको उजागर भएको छ।

**यसपटक किन यति धेरै संख्यामा प्रभावित, के अझ पनि महामारीको जोखिम कायमै छ ?**

माथि उल्लेख भए जस्तै हैजाको किटाणु यस क्षेत्रमा पहिले देखिनै छ। विगतमा छिटपुट झाडापखालाका घटनाहरु देखिएता पनि यसपटक यसले विकराल रुप लिनुमा प्रभावित अधिकांसले एकै स्रोतबाट प्राप्त दुषित पानी वा खाना खाएको हुनु पर्दछ। महामारी फैलनु भन्दा अगाडि प्रभावितहरुले एकै स्थानबाट खाना खाएको, कुनै भोज भतेरमा सहभागी भएको तथ्य फेला परेन । तर प्रभावित अधिकांस व्यक्तिहरुले प्रयोग गर्ने पानीको स्रोत साझा रहेको र विभिन्न स्थानबाट वितरीत सोही पानीको नमुना परीक्षण गर्दा प्रशस्त मात्रामा कोलिफर्म ब्याक्टेरिया फेला परेको छ । कोलिफर्म बाहिरी वातावरणमा र मानिसको दिसामा पाइने ब्याक्टेरिया हो र पानीमा यसको उपस्थितिले पानी दुषित छ भन्ने कुराको पुष्टि गर्दछ । यही दुषित पानी प्रयोग भएको हुनाले एकै पटक यति ठुलो जनसंख्या प्रभावित भएको आकलन गर्न सकिन्छ । खुलामा गरिने दिसा, सो दिसा पानीमा मिसिन सक्ने सम्भावना तथा नजिकिँदै गएको चाडवाड, बिहे भोज, धेरै मानिसहरुले खाने खानामा कुनै माध्यमबाट (झिंगा वा मानिसको फोहोर हात) हैजाको किटाणु मिसिएमा यसले फेरि अर्को ठुलो महामारी निम्त्याउन सक्छ भन्ने तथ्यलाई नकार्न सकिंदैन ।

**भविष्यमा यसलाई रोक्न के गरिनु पर्दछ ?**

स्वास्थ्यका आधारभुत सेवाहरु विस्तारै वडा तहसम्म पुर्याउने प्रकृयामा रहेको देशमा कुनै दुरदराज वा स्वास्थ्य संरचना कमजोर भएको समुदायमा हैजाको महामारी फैलियो भने स्वास्थ्य प्रणालीले नथेग्न सक्छ, प्रतिकार्यमा पुग्दै गर्दा धेरै जनधनको क्षति भइसकेको हुनसक्छ । यसर्थ रोग लागेर उपचारमा स्रोत र साधन खर्चिनुभन्दा रोग लाग्न नदिनको लागि समुदायमा समुदायसंग व्यापक रुपमा काम गर्नु पर्ने देखिन्छ । सबैभन्दा ठुलो बिडम्बना त के हो भने जुन समुदायमा हैजा फैलिएको छ त्यस समुदायका बासिन्दाको मन मस्तिष्कमा यसको जोखिमको आभास, डर नै छैन। हामीले समुदायलाई यसबारे सचेत गरी उनीहरुको व्यवहार परिवर्तन गर्न सके मात्र यसले दिगो समाधान दिन्छ । नेपाल खुला दिसामुक्त देश घोषित भएसँगै कपिलबस्तु जिल्ला पनि खुला दिसामुक्त क्षेत्र हो तर वास्तविकता त के हो भने यहाँका अधिकांस घरहरुमा शौचालय छैन, आफै बनाएका वा कुनै संघ संस्थाले बनाइदिएका शौचालयहरु पनि प्रयोगविहिन छन् ।

गरिब र अशिक्षित मात्र होइन, आर्थिक रुपमा सम्पन्न र शिक्षित भएकाहरु समेत मोटरसाइकल चढेर खेतमै खुला रुपमा दिसा गर्न जान्छन्क्ष खुला रुपमा दिसा गर्न पाउनु जन्मसिद्ध अधिकार झैं मान्ने यहाँका आम नागरिकलाई सो गर्नबाट रोक लगाउन यहाँका राजनीतिका दलका नेताहरुले ठूलै भूमिका खेल्नु पर्ने देखिन्छ। आउँदै



**डा अमृत पोखेल**

गरेको स्थानीय चुनावमा हुने हार वा जीतलाई वास्ता नगरी यो मुद्दा जोडदार रुपमा उठाउनु पर्ने देखिन्छ ।

विकसित मुलुकहरुमा इतिहासकै पानामा सिमित भैसकेको हैजा रोगबाट अझै पनि हाम्रा गाउँ बस्तीहरु प्रताडित हुनु, नागरिकले ज्यान गुमाउनु अत्यन्त दुखलाग्दो सत्य हो । अझ यो रोग सर्ने माध्यमलाई नियालेर हेर्दा यसले हाम्रो संस्कार अनि सभ्यतालाई गिज्याइरहेको छ । विश्व जगतले हामीलाई हेर्ने दृष्टिकोण, हामी र हाम्रो देशप्रति गर्ने व्यवहारलाई निर्धारित गरिरहेको छ । सम्बन्धीत सबै सरोकारवालाहरु (स्वास्थ्य, शिक्षा, खानेपानी, खाद्य, जनीतिक दल, साझेदार सहयोगी संघ संस्थाहरु) प्रतिबद्ध र एकजुट भइ लागेमा नेपाल र नेपालीको जनधनको क्षति गराउने र विश्व सामु हामीलाई कलंकित बनाउने यो हैजाको किटाणुलाई सदाको लागि सेप्टिक ट्यांकमा कैद गर्न सम्भव छ ।

**-(डा पोखेल इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका शाखा प्रमुख हुन्।)**

## हरेक बिहान...

दुइटा कुरामा- मान्छे मर्नुमा वा मर्नुनपर्ने मान्छे मर्नुमा । उसको मृत्यु साँच्चिकै असामयिक र अस्वाभाविक हो। किन र कसरी भयो, यसको लेखाजोखा चुइगम जस्तो हो। जति तन्कायो, त्यति तन्किने। जीवनलाई पो हो त तन्काउने । मृत्युलाई म कति तन्काऊँ ? बलरामसँग मैले नेपाल पत्रकार महासंघमा दुई वर्षभन्दा बढी सँगैजसो बिताएको थिएँ । उ बेला हामी कति नजिक वा टाढा थियौं, म जान्दिनँ । तर यति भन्न सक्छु, हामी एकअर्कालाई जान्दथ्यौं । एकअर्कालाई जान्नु पनि सामान्य कुरा होइन आजको यो दुनियाँमा ।

एकअर्कालाई राम्ररी जानेका र बुझेका यस्तै यस्तै सम्बन्धहरूलाई ‘पज’ मा राखेर म अमेरिका हिँडेको थिएँ। बलरामसँग मात्र होइन, धेरै सँगैका सम्बन्धहरू ‘पज’ मा थिए जब म अमेरिका आएँ। ‘पज’ मा हुनुको मतलब चाहेका बेला वा मौका मिलेका बेला म ती सम्बन्धहरूलाई ‘एक्टिभेट’ गर्न चाहन्थेँ । बलरामको मृत्युले बिथोलिएको केही दिन मात्र भएको थियो, फेरि अर्को मृत्युको खबर आयो राष्ट्रकवि माधव घिमिरेको । राष्ट्रकवि माधव घिमिरेको मृत्युको खबर पनि मैले एकाबिहानै ट्वाइलेटमा मेरो ट्याबलेटमा पढेको हुँ । उता साँझ पर्दा यता बिहान हुन्छ। उता दिनभर भएका सुखद वा दुखद खबरहरू यता हाम्रो बिहान बिथोल्न आइपुग्छन् । जसरी म राहत इन्दोरी र बलराम बानियाँको मृत्युको खबरबाट बिथोलिएको थिएँ, त्यसरी नै बिथोलिएको थिएँ माधव घिमिरेको मृत्युबाट पनि । सायद माघव घिमिरेसँगको नजानिँदो सम्बन्धलाई पनि ‘पज’ मा राखेर हिँडेको थिएँ । यस्ता धेरै जानिँदा वा नजानिँदा सम्बन्धहरू जसलाई मैले ‘पज’ मा राखेर हिँडेको थिएँ, ती फेरि ‘एक्टिभेट’ नहुँदै सिस्टमबाटै ‘डिलिट’ भएर गए । मान्छेहरू अक्सर सोच्छन्, मान्छे टाढा भयो, माया पनि टाढै गयो । अहँ, यसो हुँदै होइन । जति मान्छे टाढा, उति माया नजिक । मान्छे टाढा भए पनि माया टाढा हुँदो रहेनछ । बरू माया ‘पज’ मा हुन सक्छ तर हतपती ‘डिलिट’ गर्न नसकिने रहेछ । मेरी एउटी कवि दिदी हुनुहुन्छ निरा शर्मा जो ‘बा’ कविताबाट असाध्यै चर्चामा पनि आउनुभयो। धेरै समयको अन्तरमा एकदिन उहाँलाई फोन गरेर मैले भनेँ- दिदी माया मार्नुभयो ।

उहाँले जे जवाफ दिनुभयो, म अवाक् भएँ । उहाँले के भन्नुभयो थाहा छ? उहाँले भन्नुभयो- भाइ, माया थियो भने मर्दै मर्दैन। यदि मर्‍यो भने त्यो माया नै थिएन । हो त नि, माया छ र थियो भने त्यो मर्दो रहेनछ । मर्‍यो भने त त्यो माया नै होइन रहेछ । एकपटकको माया सधैंको माया । हो, यही मायाले हो, मृत्युमा पनि जीवितहरूलाई पोल्ने । नारायण गोपालको एउटा असाध्यै कर्णप्रिय गित छ- यति धेरै माया दिई मनभरी दुःख नदेऊ...म अक्सर सोचिरहन्थेँ- मायामा दुःखको कुरा ? यो अलि मिलेन कि! के भनेको होला यो ? हो त रहेछ, जब आफूले असाध्यै माया गरेको मान्छेको मृत्यु हुन्छ, त्योभन्दा दुःख अरू के हुन सक्छ ? कसैको मृत्युमा, त्यही मान्छे बढी रून्छ जो मृतकको असाध्यै नजिक छ । नजिक हुनु पनि कुनै बेला पीडामा बदलिँदो रहेछ । नजिक शरीरको मात्र होइन, भावनाको पनि । हो, हामी टाढा आउनेहरूले मायाको भारी बोकेरै आएका हुँदा रहेछौं । त्यही भारीले हामीलाई पिरोल्दो रहेछ । मृत्युको बारेमा मेरो कुनै तर्क छैन । यो आउँछ आउँछ। कहिले र कसरी आउँछ, फरक यत्ति मात्रै हो। मैले आजसम्म नजिकबाट मृत्यु देखेको मेरो हजुरआमाको मात्र हो। हजुरआमाको मृत्यु हुँदा म दोस्रो तलामा सुतिरहेको थिएँ । हजुरआमा पिँढीमा हुनुहुन्थ्यो। रातको एक बजेतिर उहाँले प्राण त्याग गर्नुभयो। उहाँलाई तुलसीको मठमा राखियो तुलसीको मठमा भइन्जेल मलाई उहाँ घरमै हामीसँगै हुनुहुन्छ भन्ने लागिरह्यो ।

जब बिहान उज्यालो भयो र उहाँलाई लिएर गइयो सेलाउन, त्यसपछि बल्ल मलाई बोध भयो उहाँ जानुभयो, अब आउनुहुन्न । त्यसपछि भएको एक्लोपन म वर्णन गर्न सक्दिनँ । जब म सानो थिएँ, त्यही हजुरआमाको बुइ चढेर म गाउँतिर डुल्थेँ त्यति बेला जब कसैको लाश घाटतर्फ लगिरहेको हुन्थ्यो, हजुरआमाले मेरो मुख छोपी दिनुहुन्थ्यो, हेर्न हुँदैन भनेर । मलाई भने एकखालको रहर हुन्थ्यो, मरेको मान्छे कस्तो हुन्छ हेर्नमा ।

उ बेला हेर्ने रहर लाग्थ्यो, अहिले सुन्न पनि मन लाग्दैन । सुन्न नपरोस् जस्तो लाग्छ। हुन त, हामी पहिले के थियौं ? को थियौं ? कसका थियौं ? र, भोलि के हुनेछौं ? को हुनेछौं ? र, कसका हुनेछौं ? थाहा छैन । भानुभक्तीय रामायणमा एउटा श्लोक छ । रावण मारिएपछि विक्षिप्त बनेका भाइ विभिषणलाई सम्झाउँदै भनिएको छ- तिम्रो यो अघि जन्ममा कउन हो, अहिले त, दाज्यु भयो । फेरि क्या हुनलाइ रावण यहाँ, छोडेर कहाँ गयो । जम्मा भैकन बालुवा जसरि फेर फिर्छन् ति गंगामहाँ । यस्तै रित सित फिर्दछन् इ दुनियाँ कोही छैन आफ्नो यहाँ। हो, ठिक यस्तै हामी किनारका बालुवा हौं । न हाम्रो बग्ने ठेगान न हाम्रो उड्ने ठेगान। कहिले फालिन्छौं किनारमा, कहिले हेलिन्छौं पानीमा । कहिले उड्छौं हावामा। तै पनि जतिन्जेल जहाँ हुन्छौं, मन त्यतै जोडिँदो रहेछ । त्यसैका वरिपरि जेलिँदो रहेछ । यसलाई मायामोह भनौं वा जे भनौं । मेरो गाउँमा एउटी हजुरआमा हुनुहुन्थ्यो जोसँग मैले नभेटेको पाँच-सात वर्ष भइसकेको थियो। म काठमाडौंमा, उहाँ गाउँमा । खै कुन चेत वा भावमा हो, मर्नु केहीअघि उहाँले मलाई देख्न मन लागेको छ भन्नुभयो रे ।

यो कुरा मैले उहाँ मरिसकेपछि मात्र थाहा पाएँ । हेर्नुस् त कस्तो रहर ? हो, यति जावो मुख देखाउन पनि नसक्दा बढ्ता पोल्छ टाढा बस्नेहरूलाई। नजिक बस्नेहरूले कमसेकम यति जावा रहरहरू त मन भए पूरा गर्न सक्छन् नि । टाढा बस्नेहरू जस्तो रहर साँचेर बस्नुपर्दैन नि! टाढा बस्नेहरूले त अरू धेरै कुरा सँगै रहर पनि साँचेर राख्नुपर्ने। टाढा बस्नेहरूले साँचेको रहर धेरैजसो साँचेको साँच्यै भइदिन्छ। अनि त नराम्रा सपनाहरूले पनि तर्साउँछन् नि ।

दीप श्रेष्ठले गाएको चर्चित गीतजस्तो- हर रात सपनीमा ऐठन हुन्छ, गाउँमा सायद पहिरो गयो कि... । हो, टाढा हुनेहरूलाई सपनीको ऐठनले त पिरोल्छ, विपनीको खबरको कुराले पनि कति पिरोल्छ कति !

झुलेनी पोष्ट साप्ताहिक
विज्ञापन प्रकाशनका लागि सम्पर्क
०८६-५९०४३६
कार्यालय :
प्यूठान न.पा.-४, बिजुवार
Email :
jhulenipyuthan@gmail.com

**पत्रिका मागेर होइन, किनेर पढौं ।**

# माछा पालन कसरी गर्ने?

### माछा पालनको तयारी

माछाका लागि पोखरीको तयारी वर्षा लाग्नुभन्दा पहिले नै गर्न उपयुक्त देखिन्छ। माछा पालन सबै प्रकारका साना ठुला मौसमी तथा बाह्रमासे पोखरीमा गर्न सकिन्छ । यस बाहेकै यस्ता पोखरी जहाँ अन्य जलीय वनस्पतीय फसलहरू जस्तै- जलबदाम, कमलको फुल, ढस वा घाँसिलो ठाउँ लिन सकिन्छ। यी सबै माछा पालनका लागि उपयुक्त मानिन्छ । माछा पालनका लागि पोखरीमा मल, उर्वर सामग्री, अन्य खाद्ध पदार्थ आदि हालिन्छ, यी सबै सामग्रीले पोखरीको माटो तथा पानीको उर्वरता बढ्दछ र परिमाण स्वरूप फसलको उत्पादन बृद्धि हुन्छ । यी वनस्पतीय फसलहरूको सृष्टि फोहोर पोखोरीको पानी जुन सडेगलेका हुन्छन्, तिनले पानी वा माटोलाई अधिक उर्वर बनाउँछन, जसबाट माछाको सर्वोत्तम प्राकृतिक आहार प्लेटन (Knjs) उत्पन्न हुन्छ । यस प्रकार दुवै नै एक अर्काको पुरक बन्दछन् र आपसमा उत्पादन बढाउन सहायक हुन्छन् ।

धान खेतमा पनि जहाँ जुन-जुलाई महिनादेखि अक्टोबर-नभेम्वरसम्म पर्याप्त पानी भरिएको हुन्छ, माछा पालन गरेर अतिरिक्त आय प्राप्त गर्न सकिन्छ । धान खेतीमा माछा पालनका लागि एउटा भिन्नै प्रकारको तयारी गर्ने आवश्यकता हुन्छ। कृषकहरू आफ्नो खेतबाट राम्रो उत्पादन गर्नका लागि खेत जोताउँछन्, गरा एवम् डिल (आली) आदि यथा समयमा आवश्यकतानुसार नाइट्रजेन, स्फुर तथा पोटास मलको प्रयोग गर्दछन् । उचित समयमा रोपिएको बिउमा बिमारको रोकथामका लागि दवाई आदिको प्रयोग गर्दछन् । ठिक यस्तै प्रकारले माछाको राम्रो उत्पादन प्राप्त गर्नाका लागि माछा पालनमा पनि खेतिको यो क्रिया कलापहरू प्रयोग गर्न अत्यावश्यक हुन्छ ।

### पोखरीको तयारी

मौसम अनुसारका पोखरीमा माङ्सहारी तथा अनावश्यक साना प्रजातिका माछा रहने आशंका रहँदैन तथापि बारहमासे पोखरीमा यस्ता माछा हुन सक्छन् । अतः यस्ता पोखरीमा जुन महिनामा थोरै पानीमा बारम्बार जाल फ्याँकेर हानिकारक माछा वा किरा आदि निकालिदिनु पर्छ। यदि पोखरीमा भैंसी आदिले पानी खाँदैनन्, भने यस्ता माछा मार्नका लागि २००० देखि २५०० किलोग्राम प्रति हेक्टमिटरका दरमा पिनाको प्रयोग गर्नु पर्छ। कोदाको पिनाको प्रयोगबाट पानीमा रहेका हानिकारक जीवहरू मर्दछन्, तथा माछाहरू पनि प्रभावित भएर मर्नुभन्दा पहिलै माथि निस्कन्छन्। यदि यस समयमा यी माछालाई निकालियो भने खाने तथा बेच्ने लायक नै रहन्छन्। कोदाको पिना प्रयोग गर्दा के ख्याल गर्नु पर्छ भने यसको प्रयोग गरे पछाडि पोखरीको २ देखि ३ सातासम्म निथार्नुका लागि प्रयोगमा ल्याउनु हुँदैन। कोदाको पिना हालेको ३ साता पछाडि तथा मौसम अनुसारका पोखरीमा पानी भरिनुभन्दा पहिले २५० देखि ३०० किलोग्राम प्रति हेक्टरका दरले चुन हालिन्छ र यसले पानीमा रहेका किराहरू मार्दछ। चुनले पानीको जी.एच.लाई नियन्त्रण गरेर क्षयकारक तत्व बढाउँदै मलतत्त्व बृद्धि गर्दछ तथा पानी स्वच्छ राख्नेछ। चुन हाले पछाडि एक साताको अन्तरालमा पोखरीमा १०००० किलोग्राम प्रति हेक्टर प्रति वर्षको दरले गोबरको मल हाल्नु पर्दछ। जुन पोखरीमा खेतको अथवा बगुवा पानी वर्षामास बगेर पस्तछ, त्यहाँ गोबर मलको मात्रा घटाउनु सकिन्छ, किनभने यस प्रकारको पानीमा मल धेरै मात्रामा उपलब्ध रहेको हुन्छ। पोखरीमा पानी आउने जाने बाटोमा जाली लगाउने व्यवस्था पनि पहिलै गर्नु पर्दछ।

पोखरीमा माछाको बिज (पोना) हाल्ने अगाडि त्यस पोखरीमा प्रर्याप्त मात्रामा माछाको प्राकृतिक आहार (प्लैंकटान) छ कि छैन यस कुराको जाँच गर्नु पर्दछ। पोखरीमा प्राकृतिक आहारको मात्रा बढाउनुका लागि गोबरको मलसँगै सुपरफास्फेट ३०० किलोग्राम तथा युरिया १८० किलोग्राम प्रति हेक्टर प्रति वर्षको दरले हाल्नु आवश्यक छ। अतः एक साल भरिका लागि निर्धारित मात्रा (गोबरको मलसँगै सुपरफास्फेट ३०० किलोग्राम तथा युरिया १८० किलोग्राम) को दश मासिक किस्तामा बराबर हालिरहनु पर्छ। यस प्रकार प्रत्येक महिना १००० किलो गोबर मल, ३० किलो सुपरफस्फेट तथा १८ प्रयोग पोखरीमा गर्दा धेरै मात्रामा प्राकृतिक आहारको उत्पत्ति हुन्छ।

### मत्स्य बिज सञ्चयन

सामान्यतः पोखरीमा १०००० फ्राई अथवा ५००० फिंगर लिंग प्रति हेक्टरको दरले जम्मा गर्नु पर्दछ। योभन्दा कम मात्रामा जम्मा गर्दा पानीमा उपलब्ध भोजनको पूर्ण प्रयोग भएको हुँदैन तथा अधिक जम्माबाट पनि सबै माछालाई पर्याप्त भोजन उपलब्ध भएको हुँदैन। पोखरीमा उपलब्ध भोजनको भरपुर उपयोगका लागि कतला माछो सतह ठाउँमा, रहु माछो माझमा तथा म्रिगल (मिर्का) माछो पोखरीको तल उपलब्ध भोजन ग्रहण गर्छन। यस प्रकार यी तीनै प्रजातीका माछाको बिज जम्मा गरेबाट पोखरीको पानीको स्तरमा उपलब्ध भोजनको पर्याप्त रूपमा उपयोग हुन्छ तथा यसबाट अधिकाधिक पैदा गर्न सकिन्छ।

पालन गर्ने योग्य देशी प्रमुख डुलुवा माछा (कतला, रहु, म्रिगल वा मिर्का) बाहेक अन्य केही विदेशी प्रजातिका माछाहरू (ग्रास कार्प, सिल्वर कार्प, कमन कार्प) पनि हिजोआज धेरै रूपमा सञ्चय गर्न थालिएको छ। अतः देशी वा विदेशी प्रजातिका माछाहरूको बिज मिश्रित माछापालन अर्न्तगत जम्मा गर्न सकिन्छ। विदेशी प्रजातिका यी माछाहरू देशी प्रमुख डुलुवा माछासँग कुनै प्रतियोगिता गर्न सक्तैनन्। सिल्वर कार्प माछा कतला माछाको समान पानीको माथिल्लो सतहबाट ग्रास कार्प रहुको जस्तै स्तम्भबाट तथा कमन कार्प मृगल (मिर्का) को जस्तै पोखरीको तलबाट भोजन ग्रहन गर्दछ। यस प्रकार यी सबै ३ प्रकारको प्रजातिका माछाको बिउ जम्मा भए पछि कतला, सिल्वरकार्प, रोहु, ग्रासकार्प, म्रिगल तथा कामन कार्प माछाहरूलाई २०:२० : १५:१५: १५:१५ को अनुपातमा जम्मा गर्नु पर्छ। सामान्य रूपमा माछाको बिउलाई पोलिथिनको पुलिङ्दा (पेकेट) मा पानी हालेर तथा अक्सिजन हावा हालेर पोको पारिन्छ। पोखरीमा माछाको बिउ हाल्नुभन्दा पहिलै उक्त पोकाहरूलाई थोरै समयका लागि पोखरीको पानीमा हाल्नु पर्दछ । त्यसपछि पोखरीको थोरै पानी ती पोकाहरूको भित्र प्रवेश गरेपछि समतापन (एक्लिमेटाइजेद्गान) का लागि वातावरण सिर्जना गराउनु पर्दछ र तब पोकाहरूबाट थोरै-थोरै रूपमा माछाको बिउ पोखरीको पानीमा निस्किन दिनु पर्छ। यसो गर्दा माछाको बिउलाई परवर्ती जीवित रहनुमा सहयोग मिल्दछ।

माथिल्लो आहार


माछाको बिउ सञ्चयको पहिलेदेखि पोखरीमा माछाको भोजन कम भयो वा माछा बढ्न सकेनन् भने चामलको ढुटो (कनिका मिसिएको सफा चामल) एवम् तोरी अथवा बदामको पिना लगभग १८०० देखि २७०० किलोग्राम प्रति वर्ष प्रति हेक्टरका दरमा दिनु पर्छ। यो प्रतिदिन एक निश्चित समयमा दिनु पर्छ कारण यसो गर्दा माछाले आहार ग्रहण गर्ने एउटा उचित समय हुन्छ र आहार व्यर्थमा नष्ट भएर पनि जाँदैन। अझ राम्रो हुन्छ यदि खाद्य पदार्थ बोरामा हालेर लठ्ठीका सहायतामा पोखरीका कैयौं ठाउँमा बाँधेर बोराको ठाउँ-ठाउँमा प्वाल पारिदिनु पर्छ तथा बोराको धेरै जसो भाग पानीमा डुबिरहोस् र केही भाग पानीको माथि रहनु आवश्यक हुन्छ। सामान्य परिस्थितिमा प्रचलित पुरानो तरिकाहरूद्वारा माछा पालन गर्दा जहाँ ५००-६०० किलो प्रति हेक्टर प्रति वर्षका दरले उत्पादन प्राप्त हुन्छ, त्यही आधुनिक वैज्ञानिक पद्धतिद्वारा माछा पालन गरेमा ३००० देखि ५००० किलो प्रति हेक्टर प्रति वर्षमा माछा उत्पादन गर्न सकिन्छ। अन्ध्रप्रदेशमा यसै पद्धतिद्वारा माछा पालन गरेर ७००० प्रति हेक्टर प्रति वर्षमा उत्पादन गरिरहेको छ। माछा पालकहरूले प्रति महिना जाल हानेर सञ्चित माछाको बृद्धि निरिक्षण गर्नु पर्छ, जसबाट माछालाई दिइने परिपूरक आहारको मात्रा निर्धारण गर्नमा सजिलो हुन्छ तथा सञ्चित माछाहरूको बृद्धि दर थाहा लाग्न सक्छ। यदि कुनै माछामा बिमार देखियो भने तुरन्त उपचार गराउनु पर्छ।

**स्रोतः पोर्टल सामग्री टोली।**

# के हो 3G कटिंग ? कसरी गर्ने जानिराखौं

3G कटींग भन्नाले कुनै पनि बिरुवालाई तेस्रो पुस्ता सम्म लगेर त्यसबाट फल उत्पादन गर्नुलाई बुझिन्छ । यस्तो गर्दा पहिलो र दोस्रो पुस्ताको हाँगाहरुबाट उत्पादन गरिदैन र तेस्रो पुस्ताको हाँगाहरुबाट उत्पादन लिने गरिन्छ । बिरुवा लगाइसके पछी जुन मुख्य लहरा हुन्छ, त्यसलाई पहिलो पुस्ता भनिन्छ भने त्यहि मुख्य लहराबाट आउने अन्य शाखा हाँगाहरु दोस्रो पुस्ता र दोस्रो हाँगाबाट पनि आएका शाखा हाँगाहरु तेस्रो पुस्ता भनिन्छ ।

अनुसन्धानका अनुसार पहिलो र दोस्रो पुस्ताका हाँगाहरुमा पोथी फुल भन्दा भाले फुल बढी हुने पाइएको छ । लगभग १४ भाले फुल को अनुपात मा १ ओटा पोथी फुल फुल्ने गर्दछ (पहिलो र दोस्रो पुस्ताको हाँगाहरुमा) जसका कारण एकदम धेरै फुल फुले जस्तो देखिने तर ती अनुपातमा फल नलाग्ने हुन्छ यसकारण बिरुवालाई तेस्रो पुस्तासम्म लाग्दा पोथी फुल धेरै र भाले फुल कम हुन्छन । यसरी राम्रोसंग परागकण भएको खण्डमा यस 3G कटींगबाट एउटा हाँगामा धेरै भन्दा धेरै फल फल्छन र एउटा बोटबाट नै धेरै उत्पादन गर्न सकिन्छ ।



चित्र: लहरे बालीहरुमा 3G कटिंग गर्ने तरिका

### 3G कटींग कसरी गर्ने ?

3G कटींग प्रायजसो कुकुरबिटेसी (लौका, काँक्रो, चिचिन्डा, करेला आदि) परिवारका बिरुवाहरूमा गरिन्छ ।

१. मुख्य लहरा (हाँगा ) लाई राम्रोसँग बढ्न दिने ,

२. मुख्य हाँगा ५-८ फिट पुगेपछि यसको टुप्पो (४-५ इन्च) काटिदिने'

३. मुख्य टुप्पो काटेपछि यसका साखा हाँगाहरु बढ्न थाल्छन ।,

४. अब दोस्रो पुस्ताको हाँगाहरु २-३ फिट पुगेपछि ति हाँगाको पनि टुप्पो काट्ने र यसरी दोस्रो पुस्ताको हाँगाहरुबाट पनि अरु साखा हाँगाहरु आउँछन जसलाई तेस्रो पुस्ता भनिन्छ ।,

५. यसरी अब आएका तेस्रो पुस्ताको हाँगाहरुलाई बढ्न दिने र यी हाँगाहरुबाट फल उत्पादन गर्ने ।

ध्यान दिनुपर्ने कुराः मुख्य लहराको ४-६ पात सम्म कुनै पनि साखा हाँगाहरु राख्नु हुदैन ।

यो विधि लहरे तरकारी मात्र नभई खुर्सानी, भाण्टा, भिन्डी आदि जस्ता विरुवाहरुमा पनि उपयोगी रहेको छ ।

**किसान एग्रो कन्सर्न**


## राष्ट्रिय जनगणना २०७८ किन ?

- सरकारी सेवा सुविधामा पहुँच र गरिवी निवारण कार्यक्रम तर्जुमा गर्न ।
- विपद जोखिमको योजना बनाउन ।
- विविधतामा एकता कायम गर्न ।
- लैङ्गिक तथा सामाजिक समावेशीकरणको अवस्थाबारे जान्ने ।
- बैवाहिक अवस्था पत्ता लगाउन ।
- प्रजनन, सुरक्षित गर्भावस्था, शिसु मृत्युदर र मातृ मृत्युदरको अवस्था थाहा पाउन ।
- अपाङ्गता भएका ब्यक्तिको अवस्था जान्न ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## चुइगम
### कविता



अनुज पछाई
प्यूठान न.पा.२ चितिखाला

सेतो बट्टा माथी बिर्को
सिलसहितको बिर्को भित्र
रातो पछ्यौरी ओढेर
बसिरहेको थिएँ,
खेलिरहेको थिएँ,
हासिरहेको थिएँ,
नाचिरहेको थिएँ,

एकजना आयो ,
औंलाले बताउँदै भन्यो
चुइगम दिनुहोस त ,
पाचँ रुपैया दियो
मलाई पाँच रुपैयामा बेचिदियो ।

म त्यतिबेलासम्म
रातो पछ्यौरीमा सजेको छु
अलि पर गायो ,
मेरो पछ्यौरी खोल्न खोज्यो
सकेन् ।
हातले फोर्न खोज्यो ,
सकेन् ।

दाँतँले टोकेर खोल्यो,
मिठो मुख बनाउदै ,
मलाई मुखभित्र हाल्यो ।
चपायो , पड्कायो ।
पड्कायो , चपायो ।

त्यतिबेला सम्म
जबसम्म उस्को थकाई मेटिएन
मनको मज्जा भेटिएन् ।
बिस्तारै सकिए म ,
सकियो मेरो शरीरको रगत

अनि सकियो मेरो जवानी
म चाउरीएँ ,
उस्को दाँत दुख्यो ।
मनको सन्तुष्टि पुग्यो ।
म तितो हुँदै गएँ ।
बहुमुल्य म , मूल्यहिन भएँ ।

मुख देखाउन नसक्ने भएँ ,
बोल्न नसक्ने भएँ ।।
अब म मेरो परिवारसंग
चुइगमको बट्टाभित्र गएर
बस्न सक्दैन् ।

मेरो पहिचान बदलियो
मलाई सजिलै मुखबाट फालिदए
म सहयोग माग्दा माग्दै ,
बिचबाटोमै फालिएँ ।

कतिले कुल्चे ,
कतिले थुके
कतिले आँखा तरेर गए,
म उ आउने बाटो हेरेर बसिरहें ।

मलाई मन छ त्यही बट्टामा ,
पहिले जस्तै बस्न ।
रातो पछ्यौरीभित्र
पूर्ण बैस फुलाएर बस्न

तर सकियो मेरो लागी
यि सब ,
किनकि म रसहिन भैसके ।
उ आयो मस्किदै
देख्यो मलाई
तर्कियो , म गुहार सहयोग मागे ।

ऊ बोलेन् ।
उस्कै खुट्टाको जुत्तामुनि पैतालामा टासिएँ ,
उस्ले छुन पनि खोजेन्
मलाई फालिदियो ।

एउटा लौरिले कोट्याउदै,
म ठोक्किएँ पल्लो भित्तामा ।
किनकि ,
अहिले म रषबिनाको चुइगम हुँ ।

## रोचक/प्रेरक प्रसङ्ग

# जहाँ मसला जस्तै गरी माटो खान्छन् मान्छेहरू !



एजेन्सीको सहयोगमा

संसारका विभिन्न देशमा मानिसहरुको खानपानको शैली पनि फरक फरक छ । खाना पकाउने क्रममा मसलाको प्रयोग गर्ने चलन पनि खानपानको शैली तथा रहनसहन अनुसार फरक फरक छ। तर दुनियामा एउटा यस्तो देश छ जहाँ मानिसहरु माटोलाई नै मसलाको रुपमा प्रयोग गरेर खाने गर्दछन् ।

त्यहाँको माटो निकै स्वादिष्ट हुन्छ र स्वास्थ्यका लागि लाभदायक पनि हुन्छ। त्यसैले मानिसहरुले माटोलाई मसलाको रुपमा प्रयोग गर्दछन्।इरानको हर्मुज टापु यस्तो ठाउँ हो जहाँको माटो मसलाको रुपमा प्रयोग गरिन्छ । निकै सुन्दर पहाडको यो टापु त्यहाँका मानिसहरुका लागि विशेष छ। टापुस्थित पहाडहरुको माटो रंगी विरंगी भएका कारणले गर्दा उक्त टापुलाई इन्द्रेणी टापुको नामले पनि चिनिन्छ। त्यहाँको माटो मसलाको रुपमा खान्छन् मान्छेहरु।

त्यहाँ जाने पर्यटकहरुले पनि ती पहाडको माटो स्वाद लिने गर्दछन् । पर्सियन खाडीमा रहेको उक्त टापुको माटोमा भरपूर खनिज तत्व पाइन्छ । माटोमा निकै धेरै फलाम तथा झण्डै ७० प्रतिशत अन्य खनिज तत्व पाइन्छ। पहाडमा नुनका खानी पनि छन् । बेलायतको जियोलोजिकल रिसर्चका प्रमुख भू-वैज्ञानिक डाक्टर क्याथरिन गुडइनफका अनुसार करोडौं वर्ष अगाडि पर्सियन खाडीस्थित सागरमा नुनको मोटो पत्र जम्मा हुँदै त्यसपछि अन्य खनिजको पत्र थुप्रिएर टापुको निर्माण भएको हो।

# शिक्षा आमाको कोखबाट सुरू भएर कात्रोमा अन्त्य हुन्छ



देवा भण्डारी

जन्मबाट मृत्युसम्मका हरेक क्षणहरुमा सिकाइको आवश्यकता पर्दछ र व्यक्तिले सिकिरहेको हुन्छ, सिकिरहन जरुरी पनि छ । शिक्षा एउटा यस्तो प्रक्रिया हो जसको मद्दतमा एक अज्ञानी व्यक्तिको जीवनमा ज्ञानको दियो बल्ने गर्छ, जुन कहाँबाट सुरु हुन्छ र कहाँ पुगेर अन्त्य हुन्छ भन्ने किटान गर्न सकिँदैन ।

शिक्षा आमाको कोख र कोक्रोबाट सुरु भएर कात्रोमा पुगि अन्य हुने प्रक्रिया हो । शिक्षा भनेको सामान्य अर्थमा ज्ञान आर्जन गर्नु हो । अझ बुझिने भाषामा भन्नु पर्दा कुनै पनि शिक्षित व्यक्ति वा निकायबाट अशिक्षित वर्गलाई ज्ञान प्रदान गर्नु भन्ने बुझिन्छ । शिक्षाको विकासक्रमलाई हेर्दा शिक्षाको उत्पत्ति र विकास मानव सभ्यताको सुरुवात सँगै भएको हो। प्राचीन कालमा गुरुकुल शिक्षा प्रणाली थियो औपचारिक शिक्षाको थालनी भएको थिएन तर ! समयको माग र समयको परिवर्तन सँगै आमाबाबुबाट प्राप्त शिक्षा साह्रै संकुचित भएकाले विद्यालय शिक्षाको सुरुवात भयो । जे होस द्धेयुगभन्दा पछाडी विद्यालय शिक्षाको विकास भई आजको अवस्थामा हेर्दा शिक्षाको एकदमै परिवर्तित रुप देख्न सकिन्छ । शिक्षा ठ्याक्कै यहि स्थानमा यहि तरिकाबाट नै प्राप्त हुन्छ भन्ने छैन शिक्षा जुनसुकै अवस्थामा पनि फरक-फरक रूपमा आर्जन भैरहेको हुन्छ। शिक्षा मुख्यतयाः दुई तरिकाबाट आर्जन गर्न सकिन्छ। औपचारिक शिक्षा र अनौपचारिक शिक्षा । औपचारिक शिक्षा जुन विद्यालय वा विभिन्न शिक्षण संस्थामा गएर पाठ्यक्रममा आधारित रहेर लिइने गरिन्छ । अनौपचारिक शिक्षा जसको कुनै निश्चित पाठ्यक्रम हुँदैन जुनसुकै समयमा पनि आर्जन गर्न सकिन्छ । यसको कुनै निश्चित समय पनि छैन । शिक्षा एउटा यस्तो चिज हो, जसले अन्धकारमा रोशनी छर्ने काम गर्छ, समाजका सम्पूर्ण व्यक्तिको सम्पूर्ण पक्षको विकास गराउनु शिक्षाको उद्देश्य रहेको हुन्छ । जसमा व्यक्तिगत पक्ष, समाज, संस्कृति, वातावरण र सामाजिक पक्ष मुख्य पक्ष अन्तर्गत पर्दछन । आजको समयमा जति पनि आविस्कार र चमत्कार भैरहेका छन। सबै शिक्षाको देन नै हो । मानिसले जुनसुकै लक्ष्य लिएर शिक्षा आर्जन गरे पनि, शिक्षा आर्जन गर्नु नै मुख्य कुरा हो जसले मानव जीवनलाई सार्थक बनाउने काम गर्दछ, एउटा उखान नै छ नि, 'बाँदरको पुच्छर, लौरो न हतियार' त्यस्तै 'शिक्षा बिनाको मानिस पनि बाँदरको पुच्छर जस्तै हुन्छ। जिवित त हुन्छ , तर असल जीवन बाच्नको लागि असल शिक्षाको एक्दमै महत्व हुन्छ। आजकाल मानिसले शिक्षालाई आफ्नो आवस्यकता अनुसार विभिन्न उदेश्यले अपनाएका हुन्छन । ज्ञान आर्जन गर्ने लक्ष्य, व्याव्सायिक लक्ष्य, साँस्कृतिक विकासको लक्ष्य, फुर्सदको समय सदुपयोग गर्ने लक्ष्य आदि मुख्य लक्ष्य अन्तर्गत रहेका छन ।

असल शिक्षाको महत्व जीवनमा अगाडि बढी सफलता प्राप्त गर्नको निम्ति अति नै आवस्यक छ । शिक्षाबाट हामीमा आत्मविश्वासको विकास हुनुको साथै हाम्रो व्यक्तित्वको निर्माणका लागि शिक्षा हाम्रो जीवनको अभिन्न अंगको रुपमा रहेको छ । जीवनमा सफलता प्राप्त गर्न अथवा केही अलग क्रियटिभ काम गर्नको लागि शिक्षा हामी सबैको एउटा महत्वपूर्ण साधन हो । यस्ले जीवनको कठिन समयमा चुनौतीहरुसँग लड्न सहायता गर्दछ । हाम्रो सम्पूर्ण जीवनकालमा प्राप्त गरिएको ज्ञानले हामी सबै तथा प्रत्येक व्यक्तिलाई आफ्नो जीवन प्रति आत्मनिर्भर बनाउने कार्य गरिरहेको हुन्छ । शिक्षाले हाम्रो जीवनको लागि अपार सम्भावनाहरुका ढोका खोलिरहेको हुन्छ । जसबाट असल भविष्यको विकासको सृजना हुन्छ । यसले समाजमाँझ सबै व्यक्तिहरुमा समानताको भावनालाई विकशित गरि देशमा शान्ति, समृद्धि, उन्नति र प्रगतिको सृजनात्मक विकासको लागि योगदान दिन्छ । जीवनमा हरेक सफलताको शिखरमा चढ्नको लागि असल र उचित दिशा प्रदान गर्छ। धेरै युवाहरु उचित, असल र व्यवहारिक शिक्षाको अभावको कारण बेरोजगार बनेका छन । त कति विदेश पलायन हुन बाध्य भएका छन । यस्को अन्त्य गर्न पनि उपयुक्त र उचित शिक्षाबाट मात्र सम्भव छ ।

नेपाल सरकारले पनि शिक्षाको महत्वलाई बुझेर गाँस, बाँस र कपास जस्तै शिक्षालाई पनि सबैको पहुँचमा पुर्याउने गरि अगाडी बढाउन नेपालले थाइल्यान्डमा सन् १९९० मा भएको विश्वका सबै देशहरूले सम्मेलनमा सहि गर्यो र उक्त सम्मेलनले एउटा शिक्षाको उत्कृष्ट कार्ययोजना बनाएर अगाडी बढ्ने सङ्कल्प गर्यो । उक्त योजनालाई 'सबैका लागि शिक्षा' भनियो । उक्त सम्मेलनमा प्रतिबद्धता जनाएअनुसार नेपालले सन् २००४ देखि २००९ सम्म शिक्षाका विभिन्न कार्ययोजना अगाडी सार्यो ।

अहिलेको समयमा शिक्षा बिना जीवन अन्धकार छ। त्यसैले सबै व्यक्ति र वर्गले शिक्षाको समान अवसर पाउन जरुरी छ। शिक्षामा समान अवसर प्रदान गर्न विभिन्न उपायहरु अपनाउनु पर्छ । शिक्षामा सामान अवसर विस्तार गर्न, केही हदसम्म समानताको नजिक पुर्याउन शिक्षाका सामाजिक नितिहरुमा सुधार गर्न सकिन्छ। जसबाट शिक्षा प्राप्त गर्न समान अवसरको क्षेत्र फराकिलो बनाउन शिक्षामा लगानी बढाउने, सकारात्मक विभेदका कार्यपद्दतिहरु अपनाउने, शिक्षा प्रति सकारात्मक प्रवृत्तिको विकास गर्ने, शिक्षाका निर्णय निर्माणका प्रजातान्त्रिक नीति अवलम्बन गर्ने र पिछडिएका र गरिब वर्गलाई महत्व बुझाई शैक्षिक नीति बनाउने आदि जस्ता शिक्षामा समान अवसर प्रदान गर्ने उपयोगी उपायहरु हुन ।

५ प्रदेशका सवारी.....

प्रकाशित गरिएको हो। मन्त्रालयले तोकिएको मितिअगाडि नै कुनै सवारी धनीले दस्तुर बुझाई रीतपूर्वक निवेदन दिएमा तोकिएको मिति अगाडि नै यातायात व्यवस्था कार्यालयले माग गरेको सवारी साधनमा इम्बोस्ड नम्बर प्लेट जडान गरिदिनेछ।

**इम्बोस्ड नम्बर जडान गर्न साढे दुई वर्ष म्याद थप**

तोकिएको समयमा इम्बोस्ड नम्बर जडान गर्ने काम पूरा नभएपछि १७ जेठदेखि कार्यान्वयन हुने गरी ३० महिना म्याद थप गरिएको छ। कुनै पनि ठेक्काको ५० प्रतिशत समयावधि मन्त्रालयको सचिवले थप गर्न सक्ने कानुनी व्यवस्थाअनुसार म्याद थप गरिएको हो। त्यसपछि पनि म्याद थप गर्नुपरे म्याद थपको विषय मन्त्रिपरिषद् बैठकमा लैजानुपर्नेछ। विभागका अधिकारीहरूले तोकिएकै समयमा जडान गर्ने कार्य सम्पन्न गर्ने दाबी गरेका छन्।

यातायात व्यवस्था विभाग वा ठेकेदार कम्पनीको ढिलाइले नभएर अदालतको आदेशअनुसार ढिलाइ भएकाले म्याद थप गर्नुपरेको विभागका अधिकारीहरूको भनाइ छ। दुवै पक्षको कमजोरी नभई अदालतमा परेको मुद्दाका कारण ढिलाइ भएकाले म्याद थप गरेर काम गर्न थालिएको हो। इम्बोस्ड नम्बरमा नेपाली भाषा राख्ने कि अंग्रेजी राख्ने भन्ने विषयमा सर्वोच्च अदालतमा मुद्दा परेपछि जडानको काम रोकिएको थियो। तर, अंग्रेजी भाषामा इम्बोस्ड नम्बर प्लेट जडान वा वितरण गर्न रोक लगाउन माग गर्दै दायर भएको रिटलाई सर्वोच्च अदालतले २७ मंसिर ०७६ मा खारेज गरेको थियो। त्यसपछि पुनः इम्बोस्ड नम्बर प्लेट जडान गर्ने बाटो खुलेको हो।

**म्याद थपे पनि लागतमा कुनै परिवर्तन नहुने**

सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जडान गर्ने गरी डेकाटुरसँग चार अर्ब ७८ करोड ७७ लाख (चार करोड ३७ लाख ८७ हजार पाँच सय अमेरिकी डलर) मा बुट मोडलमा सम्झौता गरेको थियो। त्यसमा समय थप गर्दा पनि कुनै किसिमको थप लागत सरकारले दिनु नपर्नेमा दुवै पक्ष सहमत रहेको विभागका अधिकारीहरूको भनाइ छ। यसअघि १७ जेठ ०७३ मा सरकारले ६० महिनाको समायावधि दिएर ठेकेदार कम्पनी बंगलादेश र अमेरिकाको संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) डेकाटुर टाइगरसँग सम्झौता गरेको थियो। जडान थालनी भने ५ भदौ ०७४ मा भएको हो। तत्कालीन पूर्वाधार तथा यातायातमन्त्री वीरबहादुर बलायरले तत्कालीन यातायात व्यवस्था विभागका महानिर्देशक रूपनारायण भट्टराइको गाडीमा प्लेट जडान गरेर थालनी गरिएको थियो।

**इम्बोस्ड नम्बर कार्यान्वयनले हुने फाइदा**

१. इम्बोस्ड नम्बर प्लेट कार्यान्वयनमा आए सवारीसाधनको चोरी नियन्त्रण हुन्छ। किनकि एकपटक नम्बर राखेपछि त्यो 'फिक्स' हुने भएकाले परिवर्तन गर्न मिल्दैन। १० वर्षसम्म त्यही नम्बर प्लेट रहिरहन्छ।

२. अहिले कतिपय सवारीसाधन कर नतिरी सञ्चालन भइरहेका छन्। इम्बोस्ड नम्बर राखेपछि कर नतिरी सवारी सञ्चालन गरेमा तुरुन्तै नियन्त्रणमा लिन सकिन्छ।

३. इम्बोस्ड नम्बर प्लेटमा 'रेडियो फ्रिक्वेन्सी आइडेन्टिफिकेसन नम्बर' रहन्छ। यसले कति नम्बरको सवारीसाधन कहाँ र कस्तो अवस्थामा छ भन्ने पत्ता लगाउन सकिन्छ।

४. इम्बोस्ड नम्बर प्लेट कार्यान्वयनमा आएपछि नेपाली सवारीसाधन पनि विश्वस्तरीय मापदण्डअनुसारका हुनेछ। संसारभर नै सवारीसाधनको नम्बरमा एकरूपता आउनेछ।

५. अहिले नेपालमा नौ प्रकारका नम्बर प्लेट छन्। इम्बोस्ड नम्बर प्लेट कार्यान्वयनमा आएपछि राष्ट्रपति, सरकारी, कूटनीतिक, निजी र व्यावसायिक (भाडा) गरी पाँचवटामा सीमित गरिनेछ।

**इम्बोस्ड नम्बर प्लेट कसरी चिन्ने ?**

देब्रेपट्टि माथितिर नेपालको झन्डा हुन्छ। त्यसमुनि एनइपी लेखिएको छ। त्यसले नेपाल देश भन्ने जनाउँछ। त्यसमुनि होलोग्राम छ। अगाडि र पछाडि जडान गरिने दुवै नम्बर प्लेटमा माथिल्लो लाइनमा प्रदेशको नाम छ। नम्बर प्लेटको तल्लो लाइनमा सवारी समूह (क्याटेगोरी) हुन्छ। जस्तो 'बी'ले चारपांग्रे साना तथा मझौला सवारी भन्ने जनाउँछ। 'ए'ले मोटरसाइकल भन्ने जनाउँछ। यस्तो सवारीसाधनको ग्याटेगोरी 'के'सम्म १२ वटा छ। त्यसपछिको 'एए', 'एबी'लगायतको अक्षरले त्यो सवारीसाधनको लट नम्बर जनाउँछ। त्यसपछि अन्तिमको नम्बरले सवारी दर्ता नम्बर बुझाउँछ।

**अहिलेसम्म एक लाख पाच हजार इम्बोस्ड नम्बर प्रिन्ट, साढे १० हजार जडान**

सरकारले १६ जेठ ०७८ सम्ममा देशभरका २५ लाख सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जडान सुरु गरेको पाँच वर्ष पूरा भइसकेको छ। तर, विडम्बना तोकिएको म्याद सम्पन्न भएर थप पाँच महिना (कात्तिक ०७८) पूरा हुँदा साढे १० हजार सवारीसाधनमा मात्र इम्बोस्ड नम्बर प्लेट जडान भएका छन्। त्यस्तै, अहिलेसम्म एक लाख पाँच हजार इम्बोस्ड नम्बर प्लेट प्रिन्ट गरिसकिएको यातायात व्यवस्था विभागका निर्देशक पौडेलले जानकारी दिए।

**इम्बोस्ड नम्बर प्लेट निगरानी गर्ने गेट अझै राखिएको छैन**

इम्बोस्ड नम्बर प्लेट जडान भएपछि त्यसलाई 'रिड' गर्ने गेटहरू राख्नुपर्ने हुन्छ। इम्बोस्ड नम्बर प्लेट ठेकेदार कम्पनीसँग भएको सम्झौताअनुसार काठमाडौं उपत्यकाका पाँच नाका (नागढुंगा, दक्षिणकाली, अरनिको राजमार्ग, साँखु र टोखा) मा र उपत्यकाबाहिर विभिन्न पाँच प्रमुख ठाउँमा रेडियो फ्रिक्वेन्सी इन्फर्मेसन डिभाइस (आरएफआइडी) निगरानी गर्ने गेट निर्माण गर्नुपर्नेछ। काठमाडौंबाहिर भने बुटवल, कोहलपुर, अत्तरिया, पथलैया र इटहरीमा गेट बनाइनेछ।

राखिएको गेटबाट सवारी छिर्नेबित्तिकै त्यसको जानकारी केन्द्रीय सर्भरमा उपलब्ध हुनेछ। त्यसबाहेक थप गेट भने सरकारले बनाउँदै जानेछ। यसबाहेक ट्राफिक प्रहरीसँग मोबाइलजस्तै इम्बोस्ड नम्बर प्लेट जाँच गर्ने स्क्यानर थोरै संख्यामा छ। स्क्यानर नम्बर प्लेटको स्टिकरमाथि राख्नेबित्तिकै त्यस नम्बरको सवारीसाधनबारे जानकारी दिन्छ। स्टिकर चारपांग्रे सवारीसाधनमा अगाडि सिसामा र मोटरसाइकलको हकमा नम्बर प्लेटसँगै रहन्छ।

नयाँपत्रिका दैनिकबाट

**प्यूठान नगरपालिकाको फोहोर मैला व्यवस्थापन सन्देश :**

**कसैले देहायको काम गरेमा कसुर गरेको मानिनेछ ।**

- नगरपालिकाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहोरमैला निष्काशन गर्ने ।
- घर, कम्पाउण्ड तथा परिसरको फोहोरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने ।
- फोहोरबाट निस्केको दुषित पानी (लिचेट) वा ढल चुहाई अन्य व्यक्तिको घरमा जग्गा प्रदुषित गराउने ।
- सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको सवारी साधन विसाउने वा विसाई रहेको सवारी साधन हटाउन इन्कार गर्ने ।
- जन स्वास्थ्यमा प्रतिकुल असर पर्ने गरी सडक वा सार्वजनिक स्थलमा कुनै पनि किसिमको हानिकारक फोहोरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्कासन गर्ने ।
- श्रोतमै फोहोरमैलाको वर्गिकरण नगरी फोहोरमैला मिसाएर निष्काशन गर्ने ।
- मरेको वा मारेको पशुपक्षि र सोको लादि, प्वाँख, हड्डि तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, गल्ली चोकमा राख्ने, फाल्ने वा थुपार्ने ।
- सार्वजनिक सवारी साधनबाट यात्रा गर्ने क्रममा झ्यालबाट सार्वजनिक स्थल तथा सडकहरुमा कुनै पनि प्रकारको फोहोरजन्य पदार्थहरु जथाभावी फ्याँक्ने ।

सजाय : माथि उल्लेखित कसुर गर्ने व्यक्तिलाई स्थानीय निकायले पहिलो पटक भए रु. ५०० जरिवाना, दोस्रो पटक भए रु. १,००० जरिवाना, तेस्रो पटक वा सो भन्दा बढी पटक गरेमा रु. ३,००० जरिवाना र फोहोरमैला उठाउन लाग्ने खर्च समेत निजबाट असुल उपर गर्न सक्नेछ ।

गौमुखीमा ....

नं. ७ को भैलो समुह प्रथम बनेको थियो । प्रतियोगितामा ५ नं. वडा ठुलावेसीको समुह दोस्रो र ६ नं. वडा लिवाङको समुह तेस्रो स्थान भएका थिए । गतवर्ष एकीकृत बचत तथा ऋण सहकारी संस्था गौमुखी ५, ठुलावेसीले एकादशीको अवसरमा पहिलो पटक आयोजना गरेको भैलो प्रतियोगिता कार्यक्रम यो वर्ष पनि सोमवार प्रतियोगिता सञ्चालन गरेको छ । जिल्लामै पहिलो पटक भैलो प्रतियोगिता आयोजना गरिएको बताउँदै स्थानीय केशव के.सी.ले लोपोन्मुख संस्कृती जोगाउनका लागि हरेक वर्ष प्रतियोगिता गर्ने बताए । युवा पुस्ताहरु साउण्ड सिस्टम बजाएर भैलो नाच्ने प्रचलन बढ्दै गएकाले पुरानो संस्कृती जगेर्नाको लागि प्रतियोगिता आयोजना गर्नुपरेको उनको भनाई छ ।

मौलिक.....

*पहिले खेलिने देउसी भैलो भावनात्मक हुने गरेपनि अहिलेको देउसी भैलो मनोरञ्जनमा मात्रै सीमित भएको यिनीहरुको बुझाई छ । 'हाम्रो पालामा अहिलेको जस्तो प्रविधि थिएन', खुड्का मन बहादुर बि.क.ले भने, ' मादल र बाँसुरीको तालमा भाइ बहिनीका कथा व्यथा गाउँथ्यौं, अहिलेको नाच त कस्तो कस्तो ।' बि.क.का अनुसार देउसी भैलोमा आधुनिकीकरणको प्रभाव बढ्नु स्वाभाविक रहेपनि देउसी भैलोको खास महत्व र मर्मलाई हराउन दिन नहुने बताउँछन् । पाका पुस्ता खेल्ने भैलो, बालबालिका र किशोर किशोरी खेल्ने देउसीमा भिन्नता आउन नहुनेमा उनले चिन्ता ब्यक्त गरे । सामूहिक रुपमा खेलीने देउसी भैलो गाउँदै, नाच्दै आशिष दिने र घरधनीले दिने दान दक्षिणा स्वरुप लिने पुरानो चलन हो । आजभोली चन्दा संकलन गर्ने गरी चिठि काटेरै भैलो खेल्ने गरीएको लोक दोहोरी गित प्रतिष्ठान प्यूठानका अध्यक्ष तुकमानसिंह कार्किले बताए ।*

*देउसी भैलोलाई मनोरञ्जनसँगै पुराना संस्कृतिको संरक्षण र सामाजिक काममा सहयोग जुटाउने माध्यम बनाउनु सकारात्मक पक्ष मानिए पनि जबर्जस्ती चन्दा उठाउने कार्य संस्कृती संरक्षण नभई दुरुपयोग भएको उनको बुझाई छ । परम्परागत चाडपर्वलाई आफ्नो मौलिकता नहराउने गरी मनाउने परिपाटी बसाल्न सके मात्रै ऐतिहासिकताको जगेर्ना हुने र साँस्कृतिक महत्व बढ्ने कार्किले बताए ।*

# सार्वजनिक सुनुवाइमा समानुपातिक विकासमा जोड



**झुलेनी पोष्ट**
**प्युठान**

ऐरावती गाउँपालिका प्यूठानको सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भएको छ। गत अ.व. २०७८ र प्रथम चौमासिकको विकास निर्माण गतिविधि सम्बन्धि सार्वजनिक सुनुवाइ गरीएको हो । सुनुवाइ कार्यक्रमका सहभागीहरुले समानुपातिक विकास निर्माणमा गाउँपालिकाले ध्यान दिनुपर्नेमा जोड दिएका छन् । सहभागीहरुले मुख्य रुपमा सडक निर्माण मर्मत र सुधारका लागि गाउँपालिकालाइ ध्यान दिन आग्रह गरेका हुन ।

गाउँपालिकाले ऐरावति ३ स्थित धर्मोदय मा.वि. जावुनेको प्राङ्गणमा शनिवार सुनुवाइ कार्यक्रम सम्पन्न गरेको हो । सार्वजनिक सुनुवाइका सहभागीहरुले हरीयागाउँ-जावुने-कोलवाङ सडकको स्तरोन्नती विजुवार चेरनेटा जावुने सडकमा नियमित बस सन्चालन. विद्यालयको शैक्षिक सुधार. ख र ग मा पर्न अपाङ्गता भएकाहरुलाइ सामाजिक सुरक्षा भत्ता दिनुपर्ने. टोल विकास समिति गठन र बिघटन सम्बन्धिको प्रक्रिया. खर्सेदमारमा झोलुङ्गे पुन निमार्णमा ढिलाइ बारे जिज्ञासा. नौघाट पक्कि पुल निर्माण सम्बन्धि लगायत विषयमा प्रश्न उठाएका थिए । सुनुवाइ कार्यक्रममा सहजीकरण गर्ने संस्था झुलेनी युनाइटेड नेटवर्कका एलबी थापाले नागरिक प्रतिवेदन पत्र र बहिर्गमित अभिमत प्रतिवेदन पेश गरेका थिए ।

त्यसैगरी गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत हिरालाल भण्डारीले गाउँपालिकाको गत आ.व.को प्रगति प्रतिवेदन र प्रथम चौमासिकको गतिविधिबारे जानकारी गराएका थिए । कार्यक्रममा उठेक सवालहरुमा गाउँपालिका अध्यक्ष नविल बिक्रम शाह. उपाध्यक्ष बुद्ध बहादुर बस्नेत. प्रमुख प्रशासकिकय अधिकृत हिरालाल भण्डारी तथा बिभिन्न गाउँपालिका अन्तर्गत शाखा प्रमुखहरुले स्पस्ट पारेका थिए ।

विकास निर्माण प्रक्रिया क्रमागत रुपमा हुने भएको जनाउँदै गाउँपालिका अध्यक्ष शाहले गाउँपालिकाको सम्मृद्धिका लागि सबैसँग हातेमालो गर्दै अगाडी बढेको बताए । उनले कतिपय योजना निर्माण पुरा भएको र कतिपय योजना निर्माण पुरा हुने चरणमा रहेको उल्लेख गरे । कार्यक्रममा गाउँपालिका उपाध्यक्ष बुद्ध बहादुर बस्नेतले स्वागत मन्तव्य राख्दै गाउँपालिकाका विषयमा कुनै जिज्ञासा. सवाल वा सुझाव भए गाउँपालिकामै उपस्थित भएर पनि दिन सकिने बताए ।

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ति (९८५७८३६६७२)
कार्यालय : प्यूठान न.पा.-४, विजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : पौरखी अफसेट प्रेस बाङदुला प्यूठान